पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३१ | अङ्क : ८ | २०७० भदौ २८ गते शुक्रबार (Sept. 13, 2013) | मूल्य रू. १०/-

## बाँदरमुडे घटनाले दाहाललाई रोक्यो

काठमाडौं । आउँदो मंसिर ४ मा गर्ने भनिएको संविधानसभाको दोस्रो निर्वाचनमा उम्मेद्वार कस्कस्लाई बनाउने भन्ने कसरतमा दलहरू सकृय भएका छन् । प्रायः सबैदलहरूका शिर्ष नेताहरू आ-आफ्नो गृह जिल्लाबाटै चुनाव लड्ने भएपनि एमाओवादीका अध्यक्ष पुष्पकमल दाहाल भने गृह जिल्ला चितवनबाट चुनाव लड्ने पक्षमा छैनन्, आखिरी किन ? कास्कीको ढिकुरे पोखरीमा जन्मिएका दाहालको वाल्यकाल चितवनमै वित्यो । उनको राजनीति, पढाइदेखि लिएर परिवार सम्मको परिचय चितवनसँग जोडिएको भएपनि उनी चितवनबाट चुनाव लड्न चाँहदैनन् । राजनैतिक विश्लेषकहरूका अनुसार चितवनको बाँदरमुडेमा गराईएको घटनाले गर्दा दाहाल चितवनबाट चुनाव लड्न नचाहेका हुन् । (बाँकी अन्तिम पेजमा)

# असोज ७ सम्म सहमत नभए वैद्य आउट

काठमाडौं । उच्चस्तरीय राजनीति समितिको भदौ २५ गते बसेको बैठकमा चार्काचर्की भएपछि प्रचण्डले चुनाव गर्ने कि नगर्ने भनेर प्रश्न गरेका थिए । त्यसपछि समितिले निर्णय गऱ्यो, नेकपा-माओवादीलाई असोज ७ गतेसम्म कुर्ने, नआए नपर्खने, चुनावमा जाने निर्णय गरेको छ । यही बैठकले नेकपा-माओवादी चुनावप्रति सकारात्मक देखिएन भन्ने निष्कर्ष समेत निकालेको छ । बिहानसम्म सरकार र चुनावको मिति परिवर्तन बाहेक सबै प्रकारका माग सम्बोधन गर्न तयार छौं भन्ने संयन्त्रका







सदस्यहरू एकाएक वैद्यसमूहलाई 'अतिवादी-निर्वाचन विरोधी' ठहर गर्न पुग्नुलाई नागरिक समाजसले रहस्यमय मानेको छ ।

निर्वाचन आयोगलाई राजनीतिक समितिको सुराकमा खिलराज रेग्मी सरकारले असोज ८ गते पछि मतपत्र छाप्न अनुरोध गर्नेछ । यद्यपि राप्रपा नेपालले मतपत्रमा आफ्नो चुनाव चिन्ह गाई ३ नम्बरमा राखिनु (बाँकी अन्तिम पेजमा)

## दूतावासहरूमा प्रचण्डै प्रचण्ड

काठमडौं । सरकारले कृष्णप्रसाद अधिकारीको हत्या अभियोगमा रामप्रसाद अधिकारीलाई पक्राउ गरेपछि एमाओवादीका अध्यक्ष प्रचण्ड कुर्लिए, जनयुद्ध कालको सम्पूर्ण जिम्मेवारी म र बाबुरामजी लिन्छौं, सक्छौ भने हामीलाई पक्रेर थुन । प्रचण्डको यो धम्कीले कांग्रेस, एमाले र अन्य राजनीतिक दलहरू थर्कमान भए, केही बोलेनन्, तर राजधानीमा रहेका प्रत्येक दूतावासमा प्रचण्डको चर्चा छ । यो चर्चा राष्ट्र संघको मिशनहरूमा पनि व्याप्त छ ।

केही वर्ष अघि काभ्रे पुगेर प्रचण्डले भनेका थिए, हामीलाई अन्तराष्ट्रिय अदालत हेगमा पुऱ्याउने षड्यन्त्र भइरहेको छ । प्रचण्डको यस खुलासमा धोती खुस्कियो र प्रचण्डका भाषणका टेपहरू कूटनीतिक (बाँकी अन्तिम पेजमा)

# गोलमेच सम्मेलन बोलाइए पनि मंसिर ४ मै निर्वाचन

अभियान संवाददाता

काठमाडौं । सरकारले गत शनिबार बोलाएको सर्वदलीय बैठकमा नेकपा-माओवादी समाले नभएपछि उसलाई मंसिर ४ मा गर्ने भनिएको संविधानसभाको दोस्रो निर्वाचनमा सहभागी हुनका लागि असोज ७ गतेसम्मको समय दिन सरकार र दलहरू सहमत भएका छन् । सहमति भएअनुसार सरकार र दलहरूले नेकपा-माओवादीलाई निर्वाचनमा ल्याउन अधिकतम लचकता अपनाउन सक्ने निर्णय समेत गरेका हुनाले अब त्यसै अनुरूपको कार्य अगाडि बढेको खण्डम निर्वाचन हुन सक्ने तर नेकपा-माओवादीले आफूहरू निर्वाचनमा सहभागी हुने प्रतिबद्धता जनाएको खण्डमा निर्वाचनको मिति केही पछि सर्न सक्ने सम्भावना बढेर गएको छ ।



गत भाद्र ९ गते सरकार र उच्चस्तरीय राजनीतिक समितिबीच भएको वार्तामा नेकपा-माओवादीले १८ सुत्रीय माग राखेर त्यसैको विषयमा छलफल गर्न प्रस्ताव गरेपछि वार्ता विफल भएको थियो । वार्ता विफल भएपछि नेकपा-माओवादीसहितको मोर्चाले मंसिर ४ गतेको निर्वाचन भाँड्ने, बिथोल्ने र जसरी भएपनि निर्वाचन हुन नदिने भन्दै निर्वाचन विरोधी गतिविधि अगाडि बढाइरहेको छ । भाद्र ९ गतेपछि कांग्रेस, एमालेका केही शीर्ष नेताहरूले माओवादीका शीर्ष नेताहरूसँग अनौपचारिक वार्ता भएको र नेकपा-माओवादीसहितका अन्य दलहरू सकारात्मक रहेको भन्दै नेकपा-माओवादीसहितका ३३ दललाई निर्वाचनमा आउनका लागि असोज ७ सम्मको समय दिन सहमत भएका हुन् । नेकपा-माओवादी सहितका अन्यदलहरूलाई बाहिर राखेर निर्वाचनमा जाँदा स्थिति सहज नहुने र (बाँकी अन्तिम पेजमा)

## अधिकारी दम्पतीको मागपूरा गर्न सरकार वाध्य

अभियान संवाददाता

काठमाडौं । द्वन्द्वकालका बेला २०६२ साल जेष्ठ २४ मा हत्या गरिएका गोरखा फूजेलका कृष्ण प्रसाद अधिकारीको हत्या भएको भन्दै किटानी जाहेरी दिंदा समेत कुनै कारवाही नभएपछि कृष्ण प्रसाद अधिकारीका बाबु नन्दप्रसाद अधिकारी र आमा गंगामाया अधिकारीले झण्डै नौ वर्षसम्म कडा संघर्ष गरेपछि मात्र उनीहरूका माग पूरा गर्न सरकार वाध्य भएको छ । अधिकारीको हत्यामा संलग्न भएकाहरूलाई कारवाही गर्न सरकारलाई राष्ट्रिय र अन्तराष्ट्रिय दवाव परेको थियो । प्रहरीले अधिकारीको हत्यामा संलग्न भएको भन्दै गत शुक्रबार मात्र गोरखा फुजेलकै रामप्रसाद अधिकारीलाई पक्राउ गरेको छ । पछिल्लो पटक अधिकारी दम्पती आफ्ना छोराका हत्यारालाई कारवाही गर्न माग गर्दै ४७ दिनदेखि विर अस्पतालको वेडमै आमरण अनसनमा बसेका थिए । आफ्ना छोराका हत्याराहरूलाई कुनै कारवाही नभएपछि अधिकारी दम्पति न्यायका लागि शान्तिपूर्ण तरीकाले अनशनमा बसेका थिए ।

वीर अस्पतालको सघन उपचार कक्षामा भर्ना गरीएका अधिकारी दम्पतिले पटक/पटक संघर्ष गर्दा उनीहरूलाई कहिले प्रहरीले पक्राउ गर्ने र कहिले मानसीक विरामी भएको भन्दै मानसिक अस्पतालमा भर्ना गर्ने कार्य सरकारले गरेपनि अन्त्यमा राष्ट्रिय र अन्तराष्ट्रिय दवाव परेपछि सरकार अधिकारी दम्पतिका अगाडि घुँडा टेक्न वाध्य भयो । अस्पतालमा रहेका अधिकारी दम्पतिका मागहरू पूरा गर्ने लिखित प्रतिवद्धता मन्त्रिपरिषद् कार्यालयका सचिव कृष्णहरी (बाँकी अन्तिम पेजमा)

## महिलाले घुँडा टेकाए एमाओवादीलाई

काठमाडौं । गत शुक्रवार गोरखा फुजेलका कृष्णप्रसाद अधिकारीको हत्यामा संलग्न भएको भन्दै प्रहरीले फुजेलकै रामप्रसाद अधिकारीलाई पक्राउ गरी हत्या भएको ठाउँ चितवन लगेपछि एमाओवादीका अध्यक्ष पुष्पकमल दाहाल र अर्को नेता डा. बाबुराम भट्टराईले नेपालगञ्जबाटै आफ्ना कार्यकर्ताहरूलाई त्यस्का विरूद्ध आन्दोलन गर्न आदेश दिएपछि एमाओवादीले काठमाडौं, चितवन र गोरखा जिल्ला बन्दको आव्हान गरेको थियो ।

नेपाली हिन्दू महिलाहरूको महान चाड तिज परेकै दिन विनासूचना शनिवार वन्दको आव्हान गरीएपछि त्यस्को विरूद्धमा सडकमा महिलाहरू प्रतिकारमा उत्रिएका थिए । प्रतिकारमा महिलाहरू उत्रिएर कलंकी, बानेश्वर, पुतलीसडक लगायतका अन्य ठाउँमा झडप भएपछि एमाओवादीले वाध्य भएर वन्द फिर्ता लिएको थियो । एमाओवादीले अधिकारीको हत्यामा संलग्न भएका भनिएका (बाँकी अन्तिम पेजमा)

## इन्डियन एयरलाइन्सबाट आउँछ हेरोइन

काठमाडौं । चार वर्ष अघि इण्डियन एयरलायन्सबाट ५ किलो ६ सय ग्राम सेतो हेरोइन नेपाल भित्रिदा पक्राउ गर्ने प्रहरी हाकिमले प्रताडित हुनुपऱ्यो । यस्तै घटना दोहोरीएको छ- भदौ २५ गते । ५ किलो सेतो हेरोइन इण्डियन एयरलाइन्सबाटै काठमाडौं भित्रिंदा डिआइजी प्रताप सिंह थापाको निर्देशनमा पक्राउ गरिएको छ । भारतिय दूतावसले यी थापा- प्रहरीमाथि कसरी वदला लिने हो भन्ने खासखुस नेपाल प्रहरी भित्रै बाक्लीएको छ ।

यो हेरोइन- तेस्रो मुलुक पुऱ्याएपछि एक अरबको हुने थियो । भारतका दुई-माफियले नेपाललाई ट्रान्जिट प्वाइन्ट बनाएर भारतिय हेरोइन, रक्त चन्दन, बन्यजन्तुका वस्तुहरू तस्करी गर्दै आएका छन् । नेपालमा सुरक्षा छैन भनेर आलोचना गर्ने र आफैले तस्करी बढाउने काम भारतले गर्दै आएको छ । (बाँकी अन्तिम पेजमा)

## हतियार प्रयोग गर्ने चन्दको धम्की

काठमाडौं । नेकपा-माओवादीका सचिव नेत्रविक्रम चन्दले आफ्नो पार्टीसँग अझै पनि ठूलो मात्रामा हतियार रहेको हुनाले आफ्नो दललगायत ३३ दलले राखेका मागहरू पूरा नगरी जबर्जस्ती रूपमा सविधानसभाको दोस्रो निर्वाचन गराउन खोजे ति हतियारहरू प्रयोग हुनसक्ने बताएका छन् ।

चुनाव बहिस्कारको प्रचार प्रसार गर्न पूर्वाञ्चल पुगेका चन्दले भने, हामीसँग धेरै हतियार रहेका र राज्य शाक्तिको आडामा नेकपा-माओवादीविरूद्ध सेना, प्रहरी परिचालन गरिए ति हतियारहरू पड्किन सक्ने सक्छ । आफ्नो दलको सहमती बेगर मंसिर ४ मा निर्वाचन गर्ने प्रयास गरिएर आफ्ना कार्यकर्ताहरूले मतपेटिका खोस्ने योजना आफूहरूले बनाएको बताउँदै उनले संविधानभसा निर्वाचन बहिस्कार अभियान अन्तर्गत पहिलो खण्डमा सशस्त्र प्रतिकार गर्ने



तयारीका सथा पार्टी अगाडि बढेको हुँदा त्यही रणनीति अनुसार अगाडि बढ्न आफ्ना कार्यकर्तालाई निर्देशन दिएका छन् । हामीसँग रहेका हतियारहरू कतिबेला कसको विरूद्ध पड्काउनु पर्छ भन्ने हामीले जानेका छौं भन्दै आफुहरूसँग भएका हतियारहरू दुरूपयोग होइन सदुपयोगका लागि पड्काउने उद्घोष समेत चन्दले गरेका छन् । उनले आफूहरूसँग कति संख्यामा हतियार छन् भन्ने चाहिँ खुलासा गरेनन् ।

सचिव चन्दले एमाओवादीले गल्ती स्वीकार गरेर आएको खण्डमा दुवै पार्टी एक हुन सक्ने बताउँदै प्रचण्ड र बाबुराम भट्टराईले आफ्नो गल्ती कमिकमजोरी सच्याएको खण्डमा सहकार्य हुनसक्ने बताउँदै हामीहरू राष्ट्रिय स्वाधिनताको रक्षा र जनताको भावना विपरित कसैसँग सम्झौता नगर्ने प्रतिबद्धता जनाएका थिए । अहिलेकै अवस्थामा नेकपा-माओवादीले निर्वाचनमा भाग नलिने र एमाओवादीलाई समेत नसघाउने पार्टीको (बाँकी अन्तिम पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– *अभियानवाणी*

**अभियान**
साप्ताहिक

## सम्पादकीय

# रेग्मीको विदेश भ्रमण औचित्यहिन

*मंसिर ४ गते गर्ने भनिएको संविधानसभाको दोस्रो निर्वाचन तोकिएको समयमै हुन्छ कि हुन्न भन्ने शंका उपशंका जन्मीएको समयमा मन्त्रिपरिषद्का अध्यक्ष संयुक्त राष्ट्रसंघको महासभामा जाने निर्णय आफैमा आपत्ति जनक रहेको छ । निर्वाचन आयोगले चुनावका लागि प्रत्यक्ष तर्फ असोज १० गते उम्मेरद्वारी दर्ता गर्नुपर्ने मिति तोकिसकेको अवस्थामा तत्काल कुनै निर्णय गर्नुपर्ने भए निर्णय गर्ने ब्याक्ति नै विदेश सयरमा जानु भनेको अनैतिक र लज्जास्पद कार्य हो । राष्ट्रपति डा रामवरण यादवले समेत मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीलाई विदेश नजान सल्लाह सुझाव दिइसकेको अवस्थामा रेग्मीले जम्बोटोली लिएर सभामा भाग लिन जानु कुनै हालतमा पनि उचित हुँदैन/उचित देखिदैन ।*

*खिलराज रेग्मी नेतृत्वको सरकार निर्वाचित सरकार नभएर कामचलाउ सरकार मात्र हो । काम चलाउ सरकारका प्रमूख रहेका रेग्मीले महासभामा गएर बोल्ने कुरा समेत केही छैन । शान्तिसुरक्षाको महत्वपूर्ण निकायलाई नीति निर्देशन दिने ब्यक्ति रेग्मी विदेश गएको खण्डमा त्यसले राम्रो सन्देश नदिने भन्दै उनलाई विदेश नजान चौतर्फि दवाव बढेको भएपनि स्वयं अध्यक्ष रेग्मीले भने केही बोलेका छैनन् । मुलुक संक्रमणकालीन अवस्थामा रहेको र नेकपा–माओवादी सहितका ३३ दलले आफ्ना मागहरु पूरा नभएको खण्डमा कुनै हालतमा पनि चुनाव हुन नदिने र उम्मेरद्वारी समेत दिने नदिने उद्घोष गरी सकेको अवस्थामा मन्त्रिपरिषद्का अध्यक्षले मुलुक छोड्नु भनेको उनीलाई आफ्नो कर्तब्यको कर्तब्यवोध नहुनु वाहेक अन्य केही हुन सक्दैन । निर्वाचन प्रति असन्तुष्ट दलहरुलाई सहमतिमा ल्याउन मन्त्रिपरिषद्का अध्यक्षको महत्वपूर्ण भूमिका हुन्छ । त्यसै भूमिकामा उनको ध्यान केन्द्रीत हुनुपर्ने भन्दै विभिन्न दलहरुले अध्यक्ष रेग्मीलाई भ्रमण रद्ध गर्न आग्रह गरीरहेका छन् । निर्वाचनको तयारीमा लाग्नु पर्ने वेलामा अध्यक्ष रेग्मी संयुक्त राष्ट्रसंघको महासभामा गए पनि उनले बोल्नुपर्ने केही कुरा नभएको हुनाले उनीहरुलाई त्यहाँ नजाने सल्लाह पूर्वपरराष्ट्र मन्त्रीहरुले दिइसकेका छन् ।*

*संयुक्त राष्ट्रसंघको महासभामा मन्त्रिपरिषद्का अध्यक्ष आवश्वयकता छैन । यस भन्दा पहिला पनि प्रतिनिधिहरु पठाईएको उदाहरणहरु भेटिएका छन् । २०३६ सालमा तत्कालीन प्रधानमन्त्री सुर्यवहादुर थापाले जनमत संग्रह गराउनु पर्ने भएको हुनाले आफू संयुक्त राष्ट्रसंघको महासभामा जान नसक्ने भन्दै प्रतिनिधि पठाएका थिए । अहिले मुलुकलाई संक्रमणकालीन अवस्थाबाट पार लगाउनको लागि संविधानसभाको दोस्रो निर्वाचन हुने समयमा मन्त्रिपरिषद्का अध्यक्ष ध्यान कसरी हुन्छ निर्वाचन गराउने तर्फ केन्द्रीत हुनुपर्ने आवश्यकता रहेको छ । सबै दलले निर्वाचनमा सहभागी हुन आनाकानी गरीरहेको बेला सहमतिको प्रयास गर्नुको सट्टा विदेश भ्रमणमा जाने निर्णय मन्त्रिपरिषद्बाटै गर्नु अर्को लज्जाको विषय हो । अहिलेपनि निर्वाचनको वातावरण पूर्ण रुपमा बनीनसकेको अवस्था छ । त्यस्तो बेला अन्तराष्ट्रिय समुदायमा समेत राम्रो सन्देश नजाने भएको हुनाले भ्रमणमा जानुको कुनै औचित्य छैन ।*

*मन्त्रिपरिषद्का अध्यक्षले अव संयुक्त राष्ट्रसंघको महासभामा भाग लिन जाने सपना देख्नु भन्दा कसरी स्वच्छ, निष्पक्ष र स्वतन्त्र रुपमा निर्वाचन गराउन सकिन्छ, कसरी सबै दललाई सहभागी गराउन सकिन्छ, निर्वाचनमा आउने समस्या के के हुन् ? भन्ने तर्फ आफ्नो ध्यान केन्द्रीत गर्दै निर्वाचनको विषयमा आएका समस्याहरुको समाधान गर्ने तर्फ ध्यान केन्द्रीत गर्नु नै उपयुक्त हुनेछ । निर्वाचको विषयमा नयाँ नयाँ कुराहरु आइरहेका छन्, भोली फेरी आउन सक्छन् यस्तो अवस्थामा सरकारको नेतृत्व गर्ने ब्यक्तिनै विदेश भ्रमणमा जाने प्रयास गर्नु कति उपयुक्त हुन्छ खिलराज रेग्मीलाई चारदलले मन्त्रिपरिषद्को अध्यक्ष बनाउँदा नै रेग्मीको कार्य भनेको निर्वाचन गराउने नै हो भनेका थिए । रेग्मी सरकार निर्वाचन गराउनै को लागि गठन गरिएको हुनाले उनले निर्वाचनको कार्यलाई छोडेर अन्यत्र ध्यान केन्द्रीत गर्नु भनेको मुलुक र जनतालाई धोका दिनु हो ।*

*रेग्मी सरकारको मुल एजेण्डा भनेको निर्वाचन गराउनु नै हो । असन्तुष्ट पक्षलाई सहमतिमा ल्याउने दायित्वबाट सरकार पछि हट्न सक्दैन । त्यसैले अहिलेको अवस्थामा कम्तीमा पनि मन्त्रिपरिषद्को अध्यक्ष विदेश भ्रमणमा जानु कुनै हालतमा पनि उपयुक्त हुँदैन भन्ने हामीले ठानेका छौं । अध्यक्ष विदेश भ्रमणमा गएको वेला नेकपा–माओवादीले निर्वाचनमा आउने सहमति जनाएको खण्डमा अर्को अध्यादेश ल्याउनु पर्ने हुन्छ । ११ दिन विदेश भ्रमणमा रेग्मी गए अध्यादेश ल्याउन नसकिने र त्यहीकारण मंसिर ४ मा निर्वाचन हुन नसक्ने अवस्था आएमा जिम्मेवारी लिन रेग्मी सरकार तयार हुन्छ त ?*

# सार्थक परिणामको लागि निर्वाचन आवश्यक

■ **देवेन्द्र चुडाल**

अहिले कथित ठूला दल भनिएका एकीकृत नेकपा मओवादी, नेपाली कांग्रेस, नेकपा एमाले र केही मधेशवादी दलहरूको मोर्चाका नतोहरू जसरी भएपनि मंसिर ४ गते नै संविधानसभाको दोस्रो निर्वाचन हुन्छ/हुनुपर्छ/गर्छौं/ गराउँछौं भन्दै ठूला ठूला डंक पिट्न थालेका छन् । दलका नेताले जतिसुकै डंक पिटेपनि आजसम्ममा पनि निर्वाचनको वातावरण बन्न सकेको छैन । जनतामा एक प्रकारको मनोवैज्ञानिक त्रास उत्पन्न भएको छ । नेकपा-माओवादीसहितका अन्य ३३ दललाई बाहिर राखेर गरिएको निर्वाचनले के सार्थक परिणाम देला ? हिजो हत्या गरिएको संविधानसभामा प्रायः सबै दलको उपस्थिति थियो, तर पनि त्यो संविधानसभाले संविधान निर्माण गर्न सकेन । नेपाली जनताले दुई वर्षको म्यान्डेट दिएर संविधान निर्मँण गर्न पठाएका प्रतिनिधिहरूले संविधानसभाको पदावधि पटक-पटक थप गरेर चार वर्षसम्म पुऱ्याए पनि संविधान निर्माण नभई संविधानको हत्या गरियो । हिजो संविधान निर्माण हुन नसकेका प्रमुख मुद्दाहरू आज पनि जस्ताको तस्तै जिवित मात्र छैनन्, अरू समस्याहरू थपिएका छन् । तत्कालिन संविधानसभाले ८० प्रतिशत संविधान निर्माण गरिसक्यो भनेर पहिलो दुई वर्षभित्रमा कुर्लिने संविधानसभाका अध्यक्ष सुभाष नेम्वाङ र राजनीतिक दलका नेताहरूले थपिएको दुई वर्षभित्रमा किन २० प्रतिशत संविधान निर्माण गर्न सकेनन्, त्यसको जवाफ आजका मितिसम्ममा उनीहरूले नेपाली जनतालाई दिएका छैनन् । कागजमा नेपाली जनता सार्वभौमसत्ता सम्पन्न भएको स्वीकार गरिए पनि व्यवहारमा नेपाली जनतालाई सार्वभौमसत्ता सम्पन्न बनाइएको छैन । यदि नेपाली जनता सर्वाभौमसत्ता सम्पन्न थिए भने हत्या गरिएको संविधानसभाले जनताको म्यान्डेटलाई उल्लंघन गर्दै आफैंले आफ्नो पदावधि थप्न सक्दैना थियो । त्यसैले प्रमाणित हुन्छ, हाम्रा राजनीतक दलहरूले सार्वभौमसत्ता सम्पन्न भनिएका जनताको अधिकार खोसेर दलहरूलाई सार्वभौमसत्ता सम्पन्न बनाएका छन् । मुलुकमा उत्पन्न हुने कतिपय ठूला-ठूला विषयहरूमा जनताको राय सुझाव लिने विश्वाव्यापी सिद्धान्त रहेपनि दलहरू आफैंले त्यस्ता मुद्दाहरूमा निर्णय गरी जबर्जस्ती जनतामा लाद्न खोज्नुले दलहरूमात्र सर्वाभौमसत्ता सम्पन्न रहेको प्रमाणित हुँदैन र ?

अब्राहम लिंकनले भनेका थिए, कुशल शासकले भविष्यको चिन्ता गर्छ, तर त्यसको ठीक विपरित राजनीतिज्ञले आउँदो निर्वाचनको मात्र चिन्ता गर्दछ । राजनीतिज्ञलाई जसरी भएपनि निर्वाचनमा विजय भएर सत्ता आफ्नो हातमा लिने दाउ मात्र हुन्छ भने कुशल शासकलाई कसरी राज्य सञ्चालन गर्ने र आफ्ना जनाताको हितमा कसरी अगाडि बढ्ने भन्ने चिन्ताले शासकलाई सताइरहेको हुन्छ । अहिले हाम्रा राजनीतिक दलका नेताहरूलाई सत्ता मोहले सताइरहेको छ । उनीहरूको चिन्ताको विषय भनेको कुशल शासक बन्ने होइन, जसरी भए पनि निर्वाचनमा वियजी भएर सत्ता हत्याउने ध्यानमा मात्र उनीहरू मग्न रहेका छन् । हिजोको संविधानसभाले किन संविधान निर्माण गर्न सकेन, संविधान निर्माण हुनु नसक्नुका कारणहरू के-के हुन्, तिनीहरूको पहिचान गरी समस्याको समाधान कसरी गर्ने भन्ने चिन्ता दलहका नेताहरूमा छैन । उनीहरूको एकमात्र बक्रदृष्टि भनेको मंसिर ४ मा गर्ने भनिएको संविधानसभाको निर्वाचनमा अन्य दलभन्दा आफ्नो दललाई ठूलो पार्टी बनाएर सत्ता हत्याउनु नै हो । कथि ठूला दल भनिएका दलहरूले समेत भविष्यको राजनीतिक खाका तयार गर्न सकेका छैनन् । अबको केही दिनभित्रमा उनीहरूले खोक्रा चुनावी घोषणा पत्र जनतासामु पक्कै पनि ल्याउने नै छन् । एमाआवादीले पहिला पनि एकल जातीय पहिचानका आधारमा संघीयतामा जाने आफ्नो घोषणा पत्रमा उल्लेख गरेको थियो । पहिलो संविधानसभाको हत्या गरिनुभन्दा केही समय पहिला एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालले त जानजाति समुदायका नेताहरूलाई आफ्नो निवासमै बोलाएर एकल जातीय पहिचानका आधारमा संघीयतामा जाने आफ्नो प्रयासलाई बल पुऱ्याउन तपाईंहरू सडक संघर्षमा उत्रनुहोस् भनेर खर्चसहित उनीहरूलाई निर्देशन नै दिएका थिए । एमाओवादी अध्यक्ष दाहालको त्यही निर्देशनका कारण नेकपा एमालेभित्र रहेका जनजाति नेताहरू एमाले त्याग गरेर अहिले संघीय समाजवादी नामक पार्टी खोलेर चुनावी प्रक्रियामा लागेका छन् । आउँदो संविधानसभाको निर्वाचनमा संघीय समाजवादी पार्टी एमाओवादीको भाइ पार्टीका रूपमा सक्रिय हुने सम्भावना बढेर गएको छ । त्यसैगरी उपेन्द्र यादवले नेतृत्व गरेको मधेसी जनअधिकार फोरम नेपालले पनि एमाओवादीसँग तालमेल गरेर धेरै सिट जित्ने उद्घोष गरिसकेको हुनाले आउँदो संविधानसभाको निर्वाचनमा एमओवादी, संघीय समाजवादी पार्टी र फोरम नेपाल एक ठाउँमा उभिन सक्ने प्रवल सम्भावना भएको हुनाले आउँदो संविधानसभा कस्तो हुन्छ अहिले नै कल्पना गर्न सकिने भएको छ ।

नेकपा-माओवादी सहित अन्य ३३ दलहरूले आफूहरू निर्वाचन विरोधी नभएको र केवल प्रक्रियाको मात्र विरोध गरिरहेको उद्घोष गरेपनि एमाओवादी लगायतका केही दलहरूले उनीहरूलाई निर्वाचन विरोधीको विल्ला भिराउने प्रयास गरिरहेका छन् । नेकपा-माओवादी लगायतका ३३ दलले राखेका १८ वटा माग मध्येका केही मागहरूलाई छाडेर अन्य माग तत्कालै पुरा गर्न सकिने भएपनि चार दलिय सिन्डिकेट र चार दलको वैशाखी टेकेर निर्माण भएको खिलराज रेग्मी सरकार माग पुरा गर्न तयार देखिएको छैन । यदि चार दल र रेग्मी सरकारले साच्चिकै निर्वाचन चाहेको हो भने आफूले पुरा गर्न सक्ने माग पुरा गरेर नेकपा-माओवादीसहितका अन्य ३३ दललाई निर्वाचनमा सहभागिता जनाउनका लागि किन आग्रह नगर्ने ? संविधनसभाको पहिलो निर्वाचन पनि विविध कारणहरूले गर्दा तोकिएको मितिमा सम्पन्न भएको थिएन । तेस्रो पटकको मितिमा मात्र निर्वाचन सम्पन्न भएको थियो । २०६४ सालको भन्दा अहिले मुलुकको अवस्था फरक रहेको हुनाले यदि असन्तुष्ट दलहरूले निर्वाचनमा भाग लिने प्रतिबद्धता जनाएको खण्डमा मंसिर ४ को मितिलाई किन पछि सार्न सकिँदैन ? के मंसिर ४ मै निर्वाचन नभए आकाश खस्छ वा पृथ्वी भासिन्छ त ? कथित ठूला दलका नेताहरू मंसिर ४ मा निर्वाचन नभए मुलुक संकटमा फस्ने उद्घोष गर्दै जनतालाई भुक्याइरहेका छन् । के अहिले मुलुक संकटमा छैन । मुलुकमा संकट उत्पन्न नगराइएको भए सर्वोच्च अदालतका बहालवाला प्रधानन्यायाधीशलाई काजमा ल्याएर किन संविधानले परिकल्पना नै नगरेको मन्त्रिपरिषद्को अध्यक्ष बनाइयो त ? के दलका शीर्ष नेताहरूसँग यसको जवाफ छ ? बहुदलीय व्यवस्थाको खिल्ली उडाउँदै निर्दलीय व्यक्तिलाई सरकार सम्पनु दलीय व्यवस्थाको धज्जी उडठाउनु होइन र ? दलहरले किन आफ्नो असफलता र अकर्मण्यता स्वीकार गर्न सकिरहेका छैनन् । आफ्नो असफलता र नालायकीपनका लागि उनीहरूले जनतासँग माफी मागेर अब आफुहरूबाट गल्ती नहुने प्रतिबद्धता नजनाएसम्म यिनै असफल र असक्षम नेताहरूबाट संविधान निर्माण हुने कुरामा विश्वास गर्न सकिने अवस्था नभएको हुनाले अहिलेकै अवस्थामा निर्वाचनको अवाश्यकता देखिँदैन । निर्वाचन, निर्वाचनका लागि नभएर सार्थक परिणाम दिनका लागि हुनुपर्दछ । नेकपा-माओवादीसहितका अन्यदलहरूलाई बाहिर राखेर गरिने निर्वाचनले कुनै हालतमा पनि सार्थक परिणाम दिन सक्दैन । जबर्जस्ती चुनाव गराए पनि संविधानसभाले किमार्थ संविधान निर्माण गर्न सक्दैन ।

पछिल्लो समयमा एमाओवादीका अध्यक्ष दाहालको दाउ भनेको राजनीतिको केन्द्रमा रहिरहने भित्रि उद्देश्यले काम गरेको छ । कांग्रेस र एमालेले नेकपा-माओवादीसहितका अन्य दलहरूलाई चुनावमा सहभागी गराउनु पर्ने अडान पहिलादेखि नै राखेपनि त्यसको बाधक एमाओवादी र त्यसमा पनि दाहाल नै देखिएका छन् । कांग्रेस सभापति सुशील कोइरालाले अहिले आफू उच्चस्तरीय राजनीतिक संयन्त्रको अध्यक्ष रहेको नाताले नेकपा-माओवादीका अध्यक्ष मोहन वैद्यलगायत अन्य नेताहरूसँग वार्ता गरिरहेको खुलासा गरेपनि अध्यक्ष दाहाल भने नेकपा-माओवादी निर्वाचनमा आउँदै आउँदैन, त्यसकारण अब उसहितका असन्तुष्ट दलहरूलाई छोडेरै भएपनि मंसिर ४ मै निर्वाचन गर्नुपर्छ भन्दै त्यसै अनुरूपको निर्णय गराउन दबाब दिइरहेका छन् । साँचो अर्थमा भन्ने हो भने नेकपा-माओवादीका नेतासहितका उनीहरूका कार्यकर्ताले समेत फोटोसहितको मतदाता नामावलीमा आफ्नो नाम दर्ता नै नगराका हुनाले उनीहरूलाई निर्वाचनमा सहभागिता जनाउन अप्ठ्यारो परेको देखिन्छ । त्यसैकारण नेकपा-माओवादीले मंसिर ४ मा गर्ने भनिएको निर्वाचन केही समय पछि सार्ने प्रस्ताव गरेको हुनुपर्छ । नेकपा-माओवादीसहितका अन्य ३३ दलका नेता र कार्यकर्ताहरूलाई उम्मेदवार बन्न र मतदान गर्ने अधिकारबाट वञ्चित गर्नु भनेको सार्वभौमसत्ता सम्पन्न नेपाली जनता को भोट हाल्न पाउने अधिकारबाट वञ्चित गराउनु नै हो । एमाआवादीको भित्रि उद्देश्य भनेको नेकपा-माओवादीले निर्वाचन बहिष्कार गरेको खण्डमा फोटोसहितको मतदातासूचिमा नाम लेखाएका कार्यकर्ताहरूले आफ्नो पार्टीलाई मतदान गर्ने र धेरै व्यक्तिले मत हाल्न नपाउने भएको हुनाले आफ्नो पार्टीलाई फाइदा हुने विश्लेषण गरेर मंसिर ४ मै निर्वाचन हुनुपर्ने अडान लिएको हुनुपर्दछ ।

संविधानसभाको दोस्रो निर्वाचन संविधान निर्माण गर्नका लागि हुने भएको हुनाले नेकपा-माओवादीसहितका अन्य सबै दललाई चुनावमा सहभागी गराउनु अनिवार्य सर्त हो । हत्या गरिएको संविधानसभामा उपस्थिति भएका सबै दलहरूको निर्वाचनमा सहभागिता त अझ अनिवार्य हुने भएको हुनाले मंसिर ४ मा गर्ने भनिएको निर्वाचन सबै दलले सहभागिता जनाउने सहमति भएको खण्डमा केही समयका लागि पछि सारेरै भएपनि उनीहरूलाई सहभागी गराउनु मुलुक र जनताको हितमा हुनेछ । निर्वाचनमा जाने र निर्वाचन सार्ने विषयलाई कुनै पनि दलले आफ्नो प्रतिष्ठा ठान्नु गैरराजनीतिक चरित्र देखाउनु मात्र हो । यदि नेकपा-माओवादीसहितका अन्य दलहरूले निर्वाचनमा सहभागी हुने प्रतिबद्धता जनाएको खण्डमा चार ठूला दलहरूले मंसिर ४ मै निर्वाचन हुनुपर्दछ भन्ने अडान कायम गररे नेकपा-माओवादीसहितका अन्यदललाई चुनावमा सहभागिता जनाउन नदिएको खण्डमा प्रमाणित हुन्छ मंसिर ४ मै निर्वाचन हुनुपर्दछ भन्ने आदेश विदेशीहरूले नै जुटाई दिएका हुन् । यदि नेकपा-माओवादीसहितका ३३ दलको मागलाई अस्वीकार गरी मंसिर ४ मै निर्वाचन गराउने चार दलीय अडान कायम भएको खण्डमा भोली त्यसले ल्याउने परिणामको जिम्मेवारी पनि यिनै ४ दल र रेग्मी सरकारले नै लिनु पर्छ । यी सबै कारणहरूले गर्दा सबै दलको सहभागितामा निर्वाचनको सनिश्चितता गर्नु नै उपयुक्त विकल्प हो ।

*devendrachudal@gmail.com*

# चुनाव अझै किन प्रश्नचिन्हमा छ ?



राजन कार्की

चुनाव हुन्छ होला ? यो प्रश्न झन झन जटिल बन्दै गएको छ । सातघुम्तीको मोड र मंसिर ४ को चुनाव, उत्तिकै जोखिमपूर्ण देखिन्छ । सन्देहको कालो बादल बाक्लिदै गएको छ, हिंसाका स्वरहरू सुरिलो बन्न थालेका छन् । प्रचण्ड पहिचानसहितको संघीयता र संघीयतासहितको संविधानका लागि दुई तिहाई ल्याउन वाईसीएललाई सुत्याउँदैछन्, एमाले युथ फोर्सलाई प्रत्येक बुथमा तैनाथ गर्ने योजना बनाउँदैछ, कांग्रेसले तरूणहरूलाई बुथ बुथमा तैयार रहन निर्देश जारी गरिसकेको छ । यता मधेसी सेना र उता नेकपा-माओवादी चुनाव बिथोल्ने सशस्त्र तालिम दिन थालिसक्यो । सडकमा सबैभन्दा डरलाग्दो नारा लाग्न थालेको छ : खुकुरी देउ प्रचण्डलाई छप्काइदिन्छौं, सुशील, झलनाथ, बाबुराम, शेरबहादुर, माधव, ओली भारतीय दलाल हुन्, तिनलाई भारततिरै धपाइदिन्छौं । अर्थात् सडक उम्लिन थालिसक्यो, सडक उत्तेजनाले तातिसकेको छ, सडक रगत प्यून मुख आँ गर्न थालिसक्यो । शान्तिदूत, लोकतन्त्रका मसिहा, नयाँ नेपालका नायक, नयाँ संविधानका अभियन्ता बन्न कस्सिएकाहरूको के चाला हो यो ? 'बिनासकाले बिपरित बुद्धि' भनेको यही होइन त ?

पहाडदेखि तराईसम्म 'मतदान नगरे ज्यान लिने, मतदान गरे ६ इन्ची घटाइदिने' आतंक फैलाइएको छ । यस सम्बन्धमा भक्तपुरे कांग्रेसी नेता माथवरसिंह बस्नेतको शंका छ- 'हुतिहारा कांग्रेस र लोतीखोरै एमाले आफै माओवादीको पछि लागेका छन्, तिनले आफ्नै कार्यकर्ताको त बचाउन गर्न सकेका छैनन्, आम मतदाताको के सुरक्षा गर्लान् ?' लोकतन्त्र र चुनावी मार्गमा यसरी काई लागेको छ, त्यो काईमा कतिले चिप्लिएर तीन बल्ड्याङ् खानुपर्ने हो, अहिले नै भन्न सकिन्न । यद्यपि एउटा स्पष्ट दृश्य के देखियो भने ०६३ सालको आन्दोलनका रथी, महारथी, सारथीहरू महाराजा बन्न सफल भए, यी महाराजाहरू आफूलाई महासामन्त बनाउँदैछन् । कथित लोकतन्त्र आवरणको छायाँमा परेका लोकहरू कमैया, हरूवा, चरूवाभन्दा पृथक अस्तित्वमा छैनन् । लोकको सार्वभौमिक शक्ति स्थापित भएको भए लोकमाथि, लोकतन्त्रमाथि, लोकलज्जामाथि यसरी धावा बोलिने थिएन ।

देशमा चुनाव हुँदैछ कि युद्ध ? देशमा लोकतन्त्र छ कि ठोकतन्त्र ? लोकतान्त्रिक पद्धतिलाई राजनीतिक राजमार्ग बनाइसकेका पार्टीहरू अलोकतान्त्रिक झोक किन देखाइरहेका छन् ? झोकमात्र भए सुधार्न सकिन्छ, रिसको झोकमा रामायण कसैले पढ्दैन, झोकले हिंसात्मक रूप लियो भने सम्हाल्ने कसले ? नेपालका लोकतान्त्रिक नेताहरू किन यतिबिघ्न 'भुइँमा न भाँडा, कुकुरलाई टाँडा' अथवाबाइफाले भएका ? लोकतन्त्रका गरिमा, महिमा, मर्यादाका कुनै सीमा सुरक्षित नभएको देखेर सर्वसाधारणहरूमा प्रश्न उठेको हो- चुनाव हुन्छ होला ?

र, एउटा अर्को प्रश्न के पनि उठेको छ भने एमाओवादी कसरी माओवादी ? उसले लोकतान्त्रिक पद्धतिमा प्रवेश गरिसक्यो, दुई-दुईपटक सरकार बनाइसक्यो, सरकार चलाईसक्यो, अव पनि उसले माओवादी दम्भ देखाउने ? राजनीतिक नैतिकताको सीमारेखाले बाँधिनुपर्ने हो एमाओवादी तर अध्यक्ष प्रचण्ड भन्छन्- जनयुद्धकालीन मुद्दा उठाउने हो र ताकत छ भने सबैभन्दा पहिले म र बाबुरामलाई पक्राउ गर । के भनेको यो ? के यही हो लोकतान्त्रिक आचरण ? लोकतान्त्रिक चुनावमा जाने दलले यसैगरी दम्भ प्रदर्शन गर्छन् ? शान्ति र संविधान निर्माण गर्ने गुरूतर दायित्व बोकेका ठूला नेताको यति निकृष्ट अभिव्यक्ति ? पत्याउन गाह्रो छ, तर प्रचण्डले बोलेकै हुन्, जनताले सुनेकै हुन् । सत्य यही हो ।

र, लोकतान्त्रिक मर्यादाबिहीन क्रियाकलापबारे खबरदारी गर्न नेपाली कांग्रेस र एमाले चुकेका छन् । उनीहरू तरह तरहका अलोकतान्त्रिक र अक्षम्य अपराधहरूमा मौन बसेका छन्, आतंककारी अभिव्यक्तिलाई सुनिरहेका छन् र सरकारभन्दा बलियो संयन्त्रमा भाग पाएपछि 'लाटाले केरा पाएजस्तो दङ्ग' परेका छन् । के प्रजातन्त्रका बिडा उठाएको दावी गर्नेहरू नैतिक धरातलमा खरो उभिएका छन् ? छेनन्, त्यसैल पनि मंसिर ४ को संविधानसभाको निर्वाचन अघि 'बाहुबलीतन्त्र' हावी हुँदै गएको छ । अझ डनहरूलाई पाल्नेहरूले तिनलाई चुनावी टिकट दिएर संविधान निर्माता, मुलुकका सञ्चालक बनाइदिए भने देशको भविष्य के होला ? यसकारण पनि प्रश्न उठेको छ- चुनाव हुन्छ होला ?

नेकपा-एमाओवादी अर्थात मोहन बैद्य समूह असन्तुष्टहरूको प्रतिनिधित्व गरिरहेको छ । असन्तुष्टहरूलाई मनाउने दायित्व संयन्त्र र सरकारको हो । गोलमेच सम्मेलन गर्ने भनेर किन भाँडियो ? वार्ता गर्ने भनेर किन भङ्ग भयो ? अझै वार्ता गर्ने भने पनि किन सुरू भएन वार्ता ? राजनीतिमा कसैले पनि मेरो गोरूको बाह्रै टक्का भन्न मिल्दैन । मिल्दैन भने किन 'सबैको वीन वीन' स्थितिको सिर्जना हुनसकेन । कसैले पनि बिभेद र निषेधको आत्मग्लानी गर्नु नपर्ने स्थितिको सिर्जना गर्न नसक्नु चारदल र खिलराज सरकारको सबैभन्दा ठूलो दोष हो, असफलता हो । आफू असफल हुने अनि जसरी पनि निर्वाचन सम्पन्न गराउने भनेर सेनालाई समेत सुरक्षामा तैनाथ गर्ने सर्वसत्तावादी सोचले चुनाव हुनसक्छ ? चुनाव भयो भने पनि त्यसले बैधानिकता पाउन सक्छ ? शाही शासनकालको चुनावलाई जनताले लत्याइदिए, राजनीतिक विश्वास भएन र त्यो चुनाव व्यर्थको आत्मरती हुनपुग्यो । मंसिर ४ को निर्वाचन त्यस्तै 'सोम शर्माको कथा' मा रूपान्तरण नहोला भन्ने ग्यारेन्टी के छ ? के त्यतिबेला चुनावी परिणामलाई 'मान्नैपर्छ, नमाने जानेको छ भनेर तर्साउने ?' आजका जनता त्यस्तो आतंकलाई शिरोधार्य गर्लान् ?

हो, चुनावको बिकल्प छैन । चुनावकै लागि चार दलले सिण्डिकेट खडा गरे,

**लोकतान्त्रिक मर्यादाबिहीन क्रियाकलापबारे खबरदारी गर्न नेपाली कांग्रेस र एमाले चुकेका छन् । उनीहरू तरह तरहका अलोकतान्त्रिक र अक्षम्य अपराधहरूमा मौन बसेका छन्, आतंककारी अभिव्यक्तिलाई सुनिरहेका छन् र सरकारभन्दा बलियो संयन्त्रमा भाग पाएपछि 'लाटाले केरा पाएजस्तो दङ्ग' परेका छन् । के प्रजातन्त्रका बिडा उठाएको दावी गर्नेहरू नैतिक धरातलमा खरो उभिएका छन् ? छेनन्, त्यसैल पनि मंसिर ४ को संविधानसभाको निर्वाचन अघि 'बाहुबलीतन्त्र' हावी हुँदै गएको छ ।**

प्रधानन्यायाधीश खिलराज रेग्मीलाई सरकार प्रमुख बनँए । कर्मचारीको कारिन्दा शैलीले राजनीतिक गत्यारोध अन्त गर्न र बिबादका गाँठाहरू फुकाल्न सक्ने सवालै थिएन, सकेन । समस्या हिजो संविधानसभा बिघटन गर्दा जहाँ थियो, आज पनि उहीं छ । समस्या समाधानको कडी भनेको सहमति हो, सहमतिको गुञ्जाइसलाई चार दलले अपहरण गरेर कब्जामा लिएका छन् । उनीहरू अलिकति पनि उदार हुन चाहँदैनन् । सबै राजनीतिक दलहरू चुनावमा जाने वातावरण बन्छ भने किन त्याग नगर्ने भन्ने उनीहरूमा त्यस्तो 'स्टेटम्यानशीप' नै छैन । यी नेता हुन् कि झिँझाका सरदार ? चिन्न गाह्रो छ । नेताले दूरदृष्टि राख्छ, अर्जुनदृष्टि, एकलव्य, अब मेरो जिम्मेवारी हो भन्न रूचाउने नेताहरू जिम्मेवारी निभाउन एक कदम पछि सार्न तैयार छैनन् । अहंकारले बसिभूत भएका नेताहरूले आउन सक्ने 'सुनामी'को कहर अनुमान गरेकै छैनन् । उनीहरू भन्ठान्छन्, मरे जनता मर्ने हुन्, हातमा भएको किन गुमाउने ? जनता मर्ने, जनताले सहनु पर्ने डाहा आफूले पनि सहनुपर्ने दिन आउनसक्छ भन्ने अनुमन गर्न नसक्ने व्यक्तिहरूलाई कसरी नेता भन्ने ?

त्यसो भए के सिण्डिकेट र खिलराज रेग्मीको महत्वकांक्षाले देशलाई सिरिया बनाउन खोज्दैछ । सिरियामा आइएनजिओहरूले समानान्तर सरकार चलाए, यहाँ पनि त्यही हाल छ । सिरिया विदेशी चलखेलको मैदान बन्यो, नेपालमा पनि विदेशी दूतहरू दौडिरहेका छन् । सिरियामा मानवाधिकारको हनन भयो, नेपालमा मानवाधिकारको बलात्कार गरिएको छ । सिरियामा रासायनिक हतियारसम्मको प्रयोग भयो, नेपालमा आतंकको अणुबमले ब्यापकता पाएको छ । लोकतन्त्र साइनबोर्डमा सिमित छ, लोकतन्त्र चुनावको मितिमा झुण्डिएको छ, लोकतन्त्र बिधिमा छैन, लोकतन्त्र नियत र नियन्त्रणमा छैन, लोकतन्त्र अभ्यास र जीवनमा जीवन्त बन्नसकेको छैन । चुनाव हुन्छ होला ? भन्ने प्रश्नले ब्यापकता पाइरहे पनि चुनाव हुन्छ भन्ने विश्वास जगाउन राजनीतिक दलहरू सफल हुनसकेका छैनन् । त्यसैले ` मंसिर ४ का चुनाव भित्ते घडीमा रालो झुन्डिएर हल्लिएझैं हल्लिरहेको छ ।

चुनाव जसरी पनि हुन्छ, दुई तिहाई ल्याउँछौं भनेर एमाओवादी कम्मर कसेर मधेसी फोरमसँग तालमेल गर्ने कुरा गर्दैछ । कांग्रेस प्रजातान्त्रिक मोर्चा बनाएर नम्बर वान पार्टी बन्ने प्रायोजित सर्भेक्षणमा नाक फुलाएर अघि बढेको छ । एमाले ०६४ सालमा झैं मुख्य प्रतिस्पर्धा माओवादीसँग हुन्छ भनेर दाउपेच तैयार गर्न ब्यस्त छ । मधेसी मोर्चा मधेसका २२ जिल्लामा मधेसीबाहेक कसैलाई जित्न नदिने रणनीति बनाउन थालेको सुनिन्छ । यी सबैका बीच नेकपा-माओवादी जसरी पनि चुनाव बिथोल्न तोड्काका सबै हतियार साम, दाम, दण्ड, भेदी तीरमा धार लगाइरहेको छ । यसकारण चुनाव त हुन्छ ? भन्ने प्रश्नका साथसाथै चुनाव भयो अथवा भएन भने पनि दुबै स्थितिमा मुलुकले हार्ने निश्चित देखिन्छ । चुनाव भए पनि वा नभए पनि द्वन्द्वको समाधान निस्कनेवाला छैन । राजनीतिक सहमति नगरी भएको चुनावको परिणाम भनेको 'मुलुकको हार' हो । मुलुकले हार्ने चुनाव गर्न अथवा बिथोल्न कुनै दुश्मनले किल्ला कसेको होइन, शत्रुता राजनीतिक दलहरू आफू-आफूबीच नै छ । किन दुबै पक्ष एकै थलोमा बसेर एउटा समाधानको सूत्र पहिल्याउन तैयार छैनन् ? सबैभन्दा ठूलो दायित्व सरकार र संयन्त्रको हो । संयन्त्र किन कर्तव्यच्यूत भएर हिंसालाई निम्त्याइरहेको छ ? बुझ्न नसकिने पहेली अथवा शंकर कोइरालाको क्लिष्ट कविता बनेको छ नेपाली राजनीति । अन्ततोगत्वा इतिहासमा वर्तमान कालखण्डको कलंकको कालो संयन्त्र र सरकारको मुखमा पोतिनेछ ।

## पाकिस्तानी एक्सो सुरूभयो

काठमाडौं । भदौ २७ गते अर्थमन्त्री शंकरप्रसाद कोइरालाले चौथो पाकिस्तानी एक्सपो सुरू गरेका छन् । वर्ल्ड ट्रेड सेन्टरमा सुरू भएको यो एक्सपो भदौ २६ देखि असोज २ गतेसम्म चल्ने जानकारी दिइएको छ । उद्घाटनको अघिल्लो दिन एक्सपोका आयोजक रावलपिण्डी उद्योग वाणिज्य संघका अध्यक्ष बर्लासले पत्रकार सम्मेलन गरेका थिए । वडा दशैंको मुखमा पाकिस्तानी गुणस्तरीय सामानको एक्सो ल्याएर नेपाल-पाकिस्तानवीचको व्यापार, सम्बन्ध र मित्रतामा बढोत्तरी हुने विश्वास गरिएको छ । अर्थमन्त्रीले कोइराला र नेपालस्थित पाकिस्तानी राजदुतले पनि यही आत्मविश्वास प्रकट गरेका थिए ।

'बबालमैत्री अनिवार्य शिक्षा ।'
'ज्ञान र सिपको सुनिश्चितता ।'

शिक्षा विभाग
सानोठिमी, भक्तपुर

**सूचना हाम्रो अधिकार, सुशासन र विकासको आधार !**
**कुनै पनि सार्वजनिक सरोकार, थाहा पाउने जनताको अधिकार !**

१ सूचनाको हक भनेको सरकारी तथा अर्द्ध सरकारी संस्था, सरकार वा विदेशी दातृ संस्थाबाट रकम प्राप्त गरी संचालित गैर सरकारी संस्था, राजनीतिक दल तथा सङ्गठन र नेपाल सरकारले तोके बमोजिम सार्वजनिक निकायमा रहेको सार्वजनिक सहत्व र आफूसँग सम्बन्धित सूचना माग्ने र पाउने सम्पूर्ण नेपाली नागरिक अधिकार हो ।
२ लोकतन्त्रको आधार नै सूचनाको अधिकार हो ।

**यो पनि याद राख्नुहोस्**

- सरकारी कर्मचारीहरूको तलब र सरकारी कार्यालयको खर्च तपाईले तिरेको करबाट चल्छ ।
- आफूले तिरेको कर के काममा कहाँ र कसरी खर्च हुन्छ भनी जान्ने (सूचना प्राप्त गर्ने) लगायत सूचनाको हक संविधान प्रदत्त नेपाली नागरिकको मौलिक अधिकार हो ।
- सूचना माग गर्ने निवेदनमा कुनै पनि दस्तुर लाग्दैन ।
- सूचना प्राप्त गर्दा पनि १० पेज सम्मको सूचना निःशुल्क पाइन्छ ।
- तपाईले कुनै सार्वजनिक निर्माण कार्यको लिखत, फाईल हेर्न र निर्माण कार्यको निरीक्षण गर्न सक्नु हुनेछ ।
- सार्वजनिक महत्वको कुनै काम, कागजपत्र, अभिलेख हेर्न/जाँच्न सक्नु हुनेछ ।
- कागजपत्र वा रेकर्डको टिपोट, प्रमाणित प्रतिलिपि, मुद्रित डिस्केट, पेन ड्राइभ, टेप, भिडियो, क्यासेट वा कुनै पनि ईलेक्ट्रोनिक वा मुद्रण रूपमा सूचना प्राप्त गर्न सक्नु हुनेछ ।
- अतः सार्वजनिक महत्वका विषयहरूमा सूचना लिने दिने बानी बसालौं र खुल्ला सूचना संस्कृतिको विकास गरौं ।

नेपाल सरकार
**राष्ट्रिय सूचना आयोग,**
पेरिसडाँडा कोटेश्वर, काठमाडौं
फोन नं. : ४६०२७४७, ४६०२९२०, फ्याक्स : ४६०१२१२
Email : nicnepal@wlink.com.np
: info@nic.gov.np, Web site : www.nic.np

# In India Rupee Goes Down: Rape Goes Up!

■ **Saeed Qureshi**

While the incidence of rape and sexual violence is soaring in India, the rupee is falling steeply. From 54 rupees per dollar in May this year it has dipped to Rs.65 to date. There is a likelihood of its further plunge in the coming days if not arrested by effective measures. Let us deal with rape situation first. India seems to be caught up between two mammoth crises. One is the moral meltdown and the other is the economic downturn. The societies do suffer from setbacks. But it also devolves upon the leadership to overcome such ugly monstrosities and put a halt to those setbacks in a competing world. India has been neck and neck with China in economic growth.

The economic debacle has lowered Indian ranking to 60, as mentioned in the annual Global Competitiveness Report 2013-2014, released by Geneva-based World Economic Forum (WEF). It is distressing for India because it is 31 points lower than her regional rival China.

Statistically every 20 minute a rape of a female takes place in India. Recently there has been a spate of agonizing and atrocious rape incidents in India. Doing masturbation in front of women in public places is a common spectacle. The gang rape by five males of a 23-year old medical student on December 16 last year in a bus is the most outrageous incident that shook the entire India and the world beyond. As a result of that brutal attack she died two weeks later.

Now as recent as August 22 another horrific rape of a photojournalist was committed in Mumbai. One can imagine how sinister and ugly the situation is getting in the largest democracy of the world.

The story of Rose Chasm a Chicago university student who stayed in India for studies is nerve shattering. In her article, "India: The Story You Never Wanted to Hear" viewed by over a million people, she shares her account of personally "experiencing repeated sexual harassment and the way travelers and local women folks were s were exposed to this insidious epidemic in India" Some extracts of her poignant article titled, "India: the Story You Never Wanted to Hear "are reproduced hereunder:

"For three months I lived this way, in a traveler's heaven and a woman's hell. I was stalked, groped, masturbated at; and yet I had adventures beyond my imagination." "This is the story you don't want to hear when you ask me about India. But this is the story you need. There was no way to prepare for the eyes, the eyes that every day stared with such entitlement at my body."

"When people ask me about my experience studying abroad in India, I always face the same dilemma. How does one convey the contradiction that over the past few months has torn my life apart, and convey it in a single succinct sentence?"

Let me quote another observation from a report published in AP and penned by Nirmala George. She writes, "Rapes in India remain drastically under-reported. In many cases, families do not report rapes due to the stigma that follows the victim and her family. In other instances, families may decide not to report a rape out of frustration with the long delays in court and harassment at the hands of the police. Police themselves are reluctant to register cases of rape and domestic violence in order to keep down crime figures or to elicit a bribe from the victim."

In a fiendish propensity for raping underage and very young children of late, several cases have been reported in the Indian press. One such horrific incident was of a four years old girl raped on April 17. She died in hospital nearly two weeks after she was raped and found unconscious at a farm. One can also reckon how other countless rape incidents remain unnoticed particularly in villages and dense urban areas where a pall of aloofness and fear of stigma deters the victims from disclosures. In a recent report, the "Asian Center for Human Rights" cited statistics in which it showed that 48,338 child rape cases were reported in India between 2001 and 2011. The report said that the number of cases rose from 2,113 in 2001 to 7,112 in 2011.

ABC's South Asia correspondent Michael Edwards in his August 20 article paints a dismal picture of the dwindling state of Indian economy. He quotes Mark Colvin as commenting that, "One of the world's biggest economies is heading towards a crisis. India's currency, the rupee, has crashed to record lows and its stock market is experiencing serious falls. To add to India's problems, capital is also flowing out of the country at what economists describe as dangerous levels. Analysts argue that investor frustration at the slow pace of economic reform is a major part of the problem. Others point to a lack of political leadership."

In his most objective analysis of the fledgling Indian economy, Arvind Subramanian in his article published by New York Times on August 30 writes that, "Growth has slowed to 4.4 percent a year; the rupee is in free fall, resulting in higher prices for imported goods; and the specter of a potential crisis, brought on by rising inflation and crippling budget deficits, looms."

He apportions the blame for this crippling economic downturn to, "The current government, which took office in 2004, has made two fundamental errors. First, it assumed that growth was on autopilot and failed to address serious structural problems. Second, flush with revenues, it began major redistribution programs, neglecting their consequences: higher fiscal and trade deficits."

India is the second most populous country after China. Its present population of 1.21 billion is projected to be the world's most populous country by 2025, surpassing China. Correspondingly the socio-economic challenges would also exacerbate with the growth of population. If far reaching strategies are not evolved to forestall the population growth or create additional resources, there is going to be complete mayhem in India. India is beset with a plethora of ethnic and racial mosaic. It is also bedeviled with draconian caste system that somehow hinders an even handed socio economic uplift. The dillats or untouchables and also the religious minorities remain marginalized. India is a secular society by constitution but practically the people go by their religious obligations. That is why one can witness cows, apes and occasionally elephant in Indian streets.

The round wheel on the Indian flag and otherwise the displays of Indian sacred weapon Trishool are manifestations of preponderance for Hinduism. Like Pakistan and other religious dominated country, there is a predominant section of population that comprises die-hard and fanatic Hindu extremists. They protest vehemently and even go on rampage against the minorities particularly Muslims in case of a dispute such as Babri mosque.

India is certainly advancing comically but it still falls short of eradicating rampant poverty and raising the quality of life as China has done. China being a one party system can enforce her decisions effectively. India being a democracy has to seek consensus for watershed decisions. The infrastructure in India has markedly improved over the years but still one can see the slums and ghettos in big cities. It would take a great deal of efforts and time for India to put on the grab of a veritable modern state.

Like other third world countries in India to there is endemic corruption and manipulation of state funds by the influential sections and misuse of power for personal gains at every level from top to bottom. India is also plagued by a multitude of separatist movements. That challenge is the most formidable because it fractures and at least poses a grave danger to the Indian territorial integrity.

Moreover it puts enormous financial burden on the Indian economy. No one could forebode how long it would take India to bridle, tame or overcome insurgencies for separation from the Indian federation.The cardinal issue of Kashmir between India and Pakistan on one hand and Tibet with China on the other are, interminable deflections that would continue to bog down India till these are resolved. Once these territorial disputes are resolved India would be free to divert the funds now being spent on these issues to development and recons truction.




# भ्रष्टाचारले सिमा नाघिसक्यो

**अति विकसीत देशहरूको क्षेप्यास्त्र पर्दशन, हानिकारक बम एटमबमहरूको निर्माण र प्रयोगको कारण मानिसले शास फेरी रहेको हावामा पनि थुप्रै ज्यानमारा किटाणुहरू मिसिसकेको छ जसको कारण मानिसको कुनै पनि बेला अकाल मृत्यु हुन सक्छ । एक त मानवप्राणी त्यसै पनि जलवायु परिवर्तन ओजोनको लेयर पातलो हादै जानु र ब्लेक लोल जस्ता विकट प्राकृतिक समस्याको कारण अति नै जोखिम स्थितिमा बाचिरहेका छन् । त्यसमा पनि चिकित्सा क्षेत्रले तनमनधनले साथ दिनको साटो झन् भ्रष्टाचारका मार्गहरू अपनाउनु वास्तवमै अति नै पीडादायक कुरा हो । जहिले पनि हाम्रा प्रत्रकार मित्रहरू प्रेस स्वतन्त्रता हुनुपर्छ भने माग लिएर समाचारमा आइरहनु हुन्छ ।**

***सुधा मिश्र***

दुई वर्ष यता नेपालमा भ्रष्टाचारले सिमा नै नाघिसकेको छ । अहिले मुलुकको यस्तो परिस्थिति छ जसको कारण लगभग सबै निकाय भ्रष्टाचारी भैसकेको छ । एउटा तथ्यांकले देखाए अनुसार राजनैतिक दल ७०%, निजामती कर्मचारी ६६%, प्रशासन ५८%, न्यायपालिका ५१%, संसदीय व्यवस्था ५१%, सैनिक २६%, सञ्चार १४%, र चिकित्सा तथा स्वास्थ्य १७ %, भ्रष्टाचार रहेको छ । देशलाई हाँक्ने, देशलाई सुमार्ग लग्ने, देशलाई अन्तराष्ट्रिय सामू परिचित गराउने तथा देशलाई एउटा सम्पन्न मुलुकमा परिचित गर्ने काम प्रायः देशका राजनैतिक दलका कर्तव्य हुन्छ । एउटा राष्ट्रमा शान्ति तथा आर्थिक सम्पन्न ल्याउने काम देशका राजनैतिक दलको काँधमा हुन्छ, तर अफसोस यस्ता विशेष जिम्मेवारी बोक्ने राजनैतिक दल नै ७०%, भ्रष्टाचारीका लिस्टमा परेका छन् । जहाँ भ्रष्टाचारीताको अंक शुन्यमा आउनु पर्ने ठाउँमा ७०%, आउनु भनेको नेपाल जस्तो मुलुकको लागि अति नै दुर्भाग्यपूर्ण कुरा हो । दोस्रो संविधानसभाको चुनाव आउँदै छ । नेपाली जनताले कसलाई भोट देलान ? यही भ्रष्टाचारी दलहरूलाई नै भोट हाल्नु पर्ने कस्तो बाध्यता नेपाली जनताको ? के यी दलहरु आफ्नो आचरणमा सुधार ल्याउन सक्तैनन् ? आफ्नो ठाँट र बाँटको जीवन जिउनुको लागि भ्रष्टाचारी हुनु कतिको जायज हो ? यस आरामको जिन्दगी जिउनुको मिहिनेतको बाटो छाडेर भ्रष्टाचारको बाटो अपनाउनु नेपालका राजनैतिक दलको नियति नै भैसकेको देखिन्छ । आफ्नो पदको मान-मर्यादालाई त्यागेर जनताको हितको बाटो छाडेर उनीहरूको जीवनसँग लापरवाही गर्नु अधिकार काँहाबाट पाए यी दलहरूले ? अहिले मुलुकको स्थिति यस्तो भैसकेको छ कि नेपाली जनतालाई आश र भरोसा दिनको निम्ति एक दल पनि भ्रष्टाचार विहिन रहेनन् । के गरलान नेपाली जनता ? कसलाई भोट देलान आउँदो संविधानसभाको चुनावमा ? कुन दल माथि आँखा बन्द गरेर विश्वास गरलान् ? कसको भरोसामा मुलुकलाई छोड्लान ? यहाँ त सबका सब एकै मठका योगी जस्तै छन् । मधेशमा एउटा बडो राम्रो उखान छ 'चोर-चोर मौसियौत भाई ।' मानिसलाई कसैले कुनै कुराको कलंक लाइदिए न्यायपालिकामा आफ्नो कलंक मिटाउन पुग्छन् ।' आफूमाथि लागेको झुठो आरोपबाट मुक्ति पाउनको लागि न्यायपालिकाको ढोका ढकढकाउन पुग्छन् । तर नेपालीका कस्तो दुर्भाग्य न्यायपालिका जसको काम अन्यायमा परेकोलाई न्याय दिनु आफै भ्रष्टाचार विहिन छैन् भने अरूलाई उसले के न्याय दिन सक्लान् ? वास्तवमा भन्नु पर्दा न्यायपालिका जस्तो ठाउँलाई एउटा पवित्र स्थल मानिन्छ जहाँ मानिस आफू माथि लागेको झुठो आरोप र न्याय पाउन त्यहाँ पुग्ने गरिन्छ । नेपालको न्यायपालिका त आफैमा ५१% भ्रष्टाचारीको स्थान बनेको छ भने उसले गरेको फैसला सुनाएको न्यायलाई नेपाली जनताले कति % साँचो मान्लान् त ? अब त यहाँ सायदै कसैले न्याय पाउँला ? अहिलेको स्थिति हेर्दा न्याय माग्न जाँदा चोरलाई साँधु र साँधुलाई चोर बनाउन केही बेर नलाग्ला । खै के भको यस्तो चारैतिर भ्रष्टाचार, भ्रष्टाचार, नै देखिएको छ । कुनै एउटा यस्तो निकाय देखिएन जो भैष्टाचार मुक्त होस् । सायद भागवान्ले हावामा भ्रष्टाचारको भाइरस मिसाएर नेपालमा पठाइदिएको छ । यसैले होला स्वच्छ हुनुपर्ने निकायहरु भ्रष्टाचारले लोतपोत छन् ।

सानोकामको लागि भएपनि सरकारी कार्यालयहरु लगातार धाइरहनु पर्छ भने नेपाली जनताको गुनासो जहिले पनि समाचारमा आइरहन्छ । कुनै पनि काम सरकारी कर्मचारीहरु समयमा गर्दैनन् । यस्तो व्यस्त समयमा पनि नेपाली जनतालाई आफ्नो व्यस्तालाई बेवास्ता गरी एकछिनको कामका लागि पनि महिनौ सरकारी कार्यालय धाइरहनु पर्ने हुन्छ । जसलाई छिटो गराउनु छ भने खटिएको कर्मचारीको खल्ती न्यानो पार्नु पर्ने हुन्छ । जसले सरकारी कर्मचारीको खल्तीलाई माटाउन सक्यो भने उसको काम छिटो भन्दा छिटो हुने र जसले खल्तीलाई न्यानो पार्न सकेन भने उसको काम भोलिको लागि सारिएको हुन्छ र महिनो के भनौ वर्षै बितिसक्दा पनि त्यो भोलि आउँदैन् । खल्तीलाई न्यानो पार्न नसक्ने जनताको लागि भोलि जय भोलिमा परिणत हुन जान्छ । सरकारी कर्मचारी भनेको राष्ट्रको कर्मचारी हुन् । उनीहरु इमान्दार, व्यवस्थित र कर्मठ हुनुपर्ने हुन्छ । घुस लिनु र घुस दिनु दुवै पाप हो, भन्ने कुराको जानकारी एउटा राष्ट्रको सेवकमा हुनुपर्ने सबभन्दा महत्वपूर्ण गुण हो । राष्ट्रको सेवक पापी नभएर धार्मिक हुनुपर्छ । धार्मिक भन्नले यहाँ इमान्दार, सत्यवान, समयको कदर गर्ने र राष्ट्रको हितको ख्याल गर्ने बुझिन्छ । यही कारणहरूले गर्दा तथ्यांकले निजामती सेवालाई ६६% र प्रशासनलाई ५८% भ्रष्टाचारी भनेर देखाइएको छ ।

यो संसारमा भगवान् पनि कसैलाई चिकित्सकलाई भगवान् सरह नौ पूजा गर्ने गर्छन् । हुन पनि हो चिकित्सकले नै गर्दा मानव नयाँ जीवन पाइरहेका हुन्छन् । यस्ता भयानक रोगबाट मानवप्राणीलाई जोगाउने काम भने चिकित्सा क्षेत्रले नै गरिरहेका छन् । कतिपय बेलामा मानवले अर्को जन्म पाएको अनुभव गर्दछ र मर्न लागेका मानिस फेरी बाँचेर यो धर्तीमा फर्कन्छ । यसो हुनु पनि चिकित्सा क्षेत्रकै कारण हो । पहिलेका समयका भयानक-भयानक रोगहरूबाट मानव प्राणीलाई चिकित्समा क्षेत्रले नै जोगाएको छ । केही दिन अगाडि समाचार आएको थियो कि जापानमा एक जना मानिस ११६ वर्षसम्म बाँचे । अहिले आएर ज्येष्ठ नागरिक संख्यामा बढोत्तरी हुनु र मृत्यु शिशु दर कम हुनु पनि चिकित्सा क्षेत्रको कारण नै देखिएको छ । विगतका समयहरूमा मलेरिया, टि.भी, हैजा, टायफाइट जस्ता सामान्य रोगहरूबाट गाउँका मानिसहरु मर्ने गर्थ्यो तर आज चिकित्सा क्षेत्रको कारण सबैमा निकै नै कमी आएको छ । विगतको समयमा सुत्केरी हुने बेलामा आमा र बच्च दुवैको ज्यान जोखिममा हुन्थ्यो । कति आमाहरु बच्चा जन्माउँदा आफूले जन्माएको बच्चाको एक पल्ट मुख पनि हेर्न नपाउँदै मृत्यु हुने गर्थ्यो । तर चिकित्सा क्षेत्रको कारण आज सुत्केरी हुनेबेलामा आमा र बच्चा दुवै सकुशल र स्वास्थ्य हुन्छन् । यस्ता विकट संकटबाट जोगाउने चिकित्सा प्रणालीले पनि आफ्नो सुमार्ग छोडेर भ्रष्टाचारको मार्ग हिडि परेका छन् । तथ्यांकले देखाए अनुसार चिकित्सा क्षेत्र पनि १७ % भ्रष्टाचारीको लिस्टमा परेका छन् ।

अति विकसीत देशहरूको क्षेप्यास्त्र पर्दशन, हानिकारक बम एटमबमहरूको निर्माण र प्रयोगको कारण मानिसले शास फेरी रहेको हावामा पनि थुप्रै ज्यानमारा किटाणुहरु मिसिसकेको छ जसको कारण मानिसको कुनै पनि बेला अकाल मृत्यु हुन सक्छ । एक त मानवप्राणी त्यसै पनि जलवायु परिवर्तन ओजोनको लेयर पातलो हुँदै जानु र ब्लेक लोल जस्ता विकट प्राकृतिक समस्याको कारण अति नै जोखिम स्थितिमा बाँचिरहेका छन् । त्यसमा पनि चिकित्सा क्षेत्रले तनमनधनले साथ दिनको साटो झन् भ्रष्टाचारका मार्गहरु अपनाउनु वास्तवमै अति नै पीडादायक कुरा हो । जहिले पनि हाम्रा प्रत्रकार मित्रहरु प्रेस स्वतन्त्रता हुनुपर्छ भने माग लिएर समाचारमा आइरहनु हुन्छ । वास्तवमा प्रेस स्वतन्त्र नै हुनुपर्ने निकाय हो । तर एकाइसौं शताब्दीमा आएर पनि नेपालमा यो कुरा हुन सकिरहेको छैन । माग त जहिले पनि उठिन्छ । प्रेस स्वतन्त्रताको तर माग प्रति कतिको सुनवाइ हुन्छ मलाई थाहा छैन् ।

नेपालका प्रख्यात संचार माध्यमहरूबाट पनि मधेशको आवाजलाई न्यून मात्रामा नै उठाइएको देखिन्छ । संचारकै के कुरा गरौं नेपालको कुन क्षेत्रमा समावेशी लागू भएकै छ र ? नेपालीहरूको लागि बडो दुःखको कुरा हो । संचार क्षेत्र भनेको निष्पक्ष निडर र स्वतन्त्र हुनु पर्ने हो, तर केही दिन अगाडी सार्वजनिक गरेको तथ्यांक अनुसार संचार क्षेत्र पनि भ्रष्टाचारीको लिस्टमा परेको छ । मानिसलाई सुखदुःख परेको बेलामा संचार क्षेत्रको सहायता लिने गर्दछन् । नेपाली जनता के को सहायता लिनु ? संचार क्षेत्र आफैमा भ्रष्टाचारविहिन छैन भने जनतालाई कतिको न्याय देलान् त ? मानिस भौतिक विलासको पछाडि यति नै भागिपरेका छन् कि उनीहरूको हृदयमा पनि मानवताको साटो दानवता बास गर्न पुगेको छ । मापनसको पहिचान भनेको उसको मेहनत, कर्तब्य, इमान्दारिता र साँचोपना हो । मानिसले क्षणिक सुख भोगको लागि हृदयले देखाएको बाटो जो अनन्त समयसम्म शान्ति दिन्छ त्यसलार्य छोडेर अशान्तिको बाटो लाग्नु हुदैन । नेपाललाई कर्मठ, निष्ठावान, इमान्दार र राष्ट्रको लागि मरिमेटने नागरिकको आवश्यकता छ । एउटा देशमा सुख र शान्ति ल्याउनको लागि सर्वप्रथम त्यस देशका नागरिकले पहिला आफू कर्म र शान्तिको मार्गमा हिड्नु पर्ने हुन्छ । यदि देशमा नागरिक कर्मठ र समृद्धिको वर्षा हुनेछ । अहिले साउने झरीको साथ-साथ अवश्य पनि सुख, शान्ति र समृद्धिको वर्षा हुनेछ यदि हामी नेपाली अहिले देखि नै आफूलाई संयामित गरी क्रमार्गको बाटोलाई त्यागरे सुमार्गको बाटो अपनाउने हो ।

## दसैँअघिसम्म कति सडक बन्दै छ ?

काठमाडौं । उपत्यकामा जारी सडक पुनर्निर्माणको कामलाई तीव्रता दिन नयाँ लक्ष्य निर्धारण भएको छ । दसैँअघि अर्थात् २० असोजसम्मका लागि नयाँ लक्ष्य निर्धारण गरिएको सडक विस्तार उच्चस्तरीय अनुगमन समितिले जनाएको छ ।

सडक विस्तार आयोजना, उपत्यकाका तीन डिभिजन सडक कार्यालय र काठमाडौं महानगरपालिकाले २० असोजसम्म सडक पुनर्निर्माणमा पूरा गर्ने कामको लक्ष्य निर्धारण भएको समितिका संयोजक एवं प्रधानमन्त्री कार्यालयका सचिव कृष्णहरि बास्कोटाले जनाए । यसैगरी, उपत्यका विकास प्राधिकरणका तीन जिल्ला कार्यालयलाई थप विस्तार गरिने सडक र विद्युत् प्राधिकरण, नेपाल टेलिकमलगायतलाई सडकका अवरोध हटाउने कामको लक्ष्य निर्धारण गरिएको छ । निर्धारण गरिएअनुसार लक्ष्य पूरा नगरे कारबाही गरिने समितिले बताएको छ ।

यसअघि १५ भदौसम्मका लागि निर्धारण गरिएको लक्ष्य अधिकांशले पूरा गरेकाले कसैलाई कारबाहीको सिफारिस नभएको र प्रगति सन्तोषजनक रहेको समितिले मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीलाई गरेको बिफ्रिङमा उल्लेख छ । २० असोजसम्ममा काठमाडौं उपत्यका सडक विस्तार आयोजनाले माइतीघर-तीनकुने सडकमा पाँच सय मिटर ग्राभ्रेल र १८ सय मिटर फुटपाथ निर्माण गर्ने लक्ष्य तोकिएको छ । यसैगरी, कालिमाटी-बल्खुमा तीन सय ६० मिटर ग्राभेल र तीन सय मिटर फुटपाथ निर्माण गर्ने, लैनचौर-महाराजगन्जमा आठ सय ५० मिटर ग्राभेल गर्ने र १४ सय मिटर फुटपाथ निर्माण गर्ने लक्ष्य छ ।

त्यस्तै गौशाला-बानेश्वर-शंखमूल सडकमा दुई सय मिटर ग्राभेल गर्ने र सात सय ७० मिटर फुटपाथ निर्माण गर्ने तथा माइतीघर-भद्रकाली सडकमा तीन सय मिटर ग्राभेल गर्ने र चार सय मिटर फुटपाथ निर्माण गर्ने गरी लक्ष्य तोकेको छ । उता डिभिजन सडक कार्यालय, काठमाडौंले मानदेव मार्गमा सात सय ५० मिटर कालोपत्रे गर्ने, नक्साल कालोपुल सिफल मित्रपार्क सडकमा १८ सय ४० मिटर बेस निर्माण गर्ने, टंकेश्वर ताहाचल छाउनी स्वयम्भू सडकमा एक हजार चार सय सबबेस निर्माण गर्ने र नारायणचौर नानीगन्ज सडकमा चार सय मिटर कालोपत्रे गरिने गरी लक्ष्य तोकिएको छ ।

यसैगरी सो अवधिमा चन्डोल टुँडालदेवी थिरबम सडकमा नौ सय ७५ मिटर बेस निर्माण गर्ने, पिपलबोट सुकेधारा बराह मार्गमा ६ सय मिटर बेस निर्माण गर्ने, भगवान् पाउ वनस्थली सडकमा पाँच सय मिटर टेवा पर्खाल निर्माण गर्ने लक्ष्य निर्धारण भएको छ । यसैगरी पाँच सय ह्युम पाइप निर्माण गर्ने र पाँच सय सबबेस निर्माण हुनेछ । यस अतिरिक्त गाईबाच्छा पाटी बाराही सडकमा पाँच सय मिटर टेवा पर्खाल लगाउने, विशालनगर वंशीधर मार्गमा पाँच सय मिटर टेवा पर्खाल लगाउने र चार सय मिटर कर्बस्टोन निर्माण गर्ने, गाईबाच्छा पाटी मकालुपम्प सडकमा नौ सय ४० मिटर सबबेश निर्माण गर्ने लक्ष्य छ ।

त्यस्तै पाँच सय बेस निर्माण गर्ने, किचनडोल सडकमा ६ सय २० मिटर सबबेस निर्माण गर्ने, सामाखुसी ब्रिटिस चिहान रानीबारीमा पाँच सय मिटर टेवा पर्खाल र पाँच सय मिटर सबबेस निर्माण गरिनेछ । आनन्द भैरव मार्गमा पाँच सय मिटर सबबेस निर्माण गर्ने, टेकु पचली कालोपुलमा ६ सय ६० मिटर सबबेस निर्माण गर्ने, महादेवस्थान सडकमा पाँच सय मिटर टेवा पर्खाल लगाउने, टेकु फलफूल बजारमा एक सय ५० मिटर ढलान गर्ने र साझाबस्ती घुम्ती कुमारी मार्गमा चार सय मिटर सबबेसको काम हुने गरी लक्ष्य तोकिएको छ ।

समितिका अनुसार डिभिजन सडक कार्यालय ललितपुरतर्फ कानदेवतास्थान-कुपन्डोल-सानेपा-ज्ञानोदय-पुल्चोक सडकमा कालोपत्रे चार सय मिटर र फुटपाथ सय मिटर निर्माण गर्ने, जावलाखेल-लगनखेल सडकमा तीन सय मिटर, सातदोबाटो-कर्मनाशा पुल सडकमा चार सय मिटर, पुल्चोक इन्जिनियरिङ क्याम्पस-बखुन्डोल-ग्रिनविच होटलमा चार सय मिटर कालोपत्रे गर्ने लक्ष्य निर्धारण गरिएको छ । उता, डिभिजन सडक कार्यालय भक्तपुरलाई सल्लाघारी व्यासी सडकमा पाँच सय मिटर कालोपत्रे गर्ने, ठिमी शंखधरचोकदेखि बालकुमारी सडकमा तीन सय मिटर कर्बस्टोन तथा तीन सय मिटर नाली निर्माण गर्ने र जगदम्बा टावर निकोसेरा सडकमा फुटपाथ सय मिटर निर्माण गर्ने लक्ष्य तोकिएको छ ।

समिति संयोजक बास्कोटाका अनुसार २० असोजसम्ममा नेपाल विद्युत् प्राधिकरणलाई माइतीघर-भद्रकाली, नारायणचौर-नक्साल, कालिकास्थान-घट्टेकुलो, खसीचोक-डिल्लीबजार पिपलबोट, बानेश्वर-शंखमूल, चन्डोल-टुँडालदेवी, लिकमार्ग र ताहाचल-छाउनी-स्वयम्भू मार्गमा विद्युतीकरणसम्बन्धी सम्पूर्ण काम सम्पन्न गर्ने लक्ष्य निर्धारण गरिएको छ ।


"Centrally Located For Your Convenience"

"JUST SIT BACK & AWAIT THE SAFE ARRIVAL OF YOUR GOODS WITHOUT ANY WORRY"

OUR SERVICE INCLUDES

- Advice on price and reliable manufacture for the purchase of Garments, Carpets, Handicrafts ets.
- Receiving and handling orders and paying manufacturers during your absence
- Collection and careful packing of your goods.
- All paper work, document ation, customs clearance and delivery of goods.to the airport.
- References available wordwide

Ritual Freight P. Ltd.

Thamel, P.O. Box : 10344, Kathmandu, Nepal
Tel : 4251942/4253842, Fax : 977-1-4251842
Email : dilli@rfl.wlink.com.np

# वातावरणीय न्याय र नेपाल सन्दर्भ

**कृष्णप्रसाद सिग्देल**

हिमाल, पहाड र तराई प्रदेशको विविधतायुक्त भौगौलिक अवस्थितिका कारण नेपाल जैविक विविधताले धनी त रहेको छ नै, यहाँका जातजाती र भाषाभाषीका बासिन्दाको अवस्थितिको कारणले नेपाल अझ धनी बनेको छ । बिक्रम सम्बत २०६३ सालको जनआन्दोलन भाग-२ को सफलतापछि बनेको नेपालको अन्तरिम संविधान २०६३ ले नेपाल एक बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, संघीय लोकतान्त्रिक गणतन्त्रको रूपमा उल्लेख गररेको छ । भू-परिवेष्टित मुलुक नेपालमा ५९ प्रकारका आदिवासी जनजातीहरूलाई कानुनी मान्यता दिईएको छ भने यहाँ ९२ वटा भाषाको अभिलेख राखिएको छ ।

वि.सं. २०६८ को राष्ट्रिय जनगणनाको नतिजा अनुसार नेपालको जनसंख्या २ करोड ६५ लाख छ भने जनसंख्याको बृद्धिदर प्रतिवर्ष १.३५ प्रतिशत छ । नेपालको कूल जनसंख्या मध्ये पुरूष भन्दा महिलाको प्रतिशत बढी रहेको छ । अक्सर गरेर वातावरण विनाश एवं प्रदूषणको असर असमानुपातिक रूपमा महिला, बालबालिका, जनजाति, दलित र सीमान्तकृत समुदायमा नै परेको देखिन्छ । राज्यको विकासको मूल प्रवाहमा सम्मानजनक उपस्थिति नहुँदा जनसङ्ख्याको ठूलो अंश ओगट्ने ती समुदायहरु शिक्षा, राज्य व्यवस्था, स्रोत माथिको पहुँचलगायतका हरेक विषयमा पछाडी परेका छन् । वातावरणीय न्यायलाई दृष्टिगत गरी नेपालको अन्तरिम संविधानको धारा १६ (१) ले मौलिक अधिकार अन्तर्गत प्रत्येक नागरिलाई स्वच्छ वातावरणमा बाँच्न पाउने हकको प्रत्याभूति गरेको छ । संविधान र कानुनमा जे जस्तो व्यवस्था भए पनि नेपाली समाजमा जातीय तथा लैङ्गिक विभेद कायमै छ । अझै पनि महिला, दलित, जनजाति तथा सीमान्तकृत वर्गको विषय सवै क्षेत्रको साझा मुद्दा बन्न सकेको पाईदैन ।

राष्ट्रिय जनगणना २०५८ अनुसार नेपालमा २६ हजार ७०० जना ब्यक्तिहरू जग्गा विहिन अवस्थामा रहेको पाईएको थियो । जसमा सबैभन्दा बढी दलितहरू नै रहेका छन् । नेपालका दलितहरूको अवस्था हेर्दा उनीहरू नेपाली समाजको ज्यादै पीछडिएका वर्गमा पर्दछन् । दलितहरूको आर्थिक, सामाजिक र शैक्षिक अवस्था अत्यन्त पीछडिएको छ । भूमि र प्राकृतिक स्रोतमा तिनको पहुँच सीमित हुनुको साथै सामाजिक विभेद पनि छ । नेपालमा सफल मानिएको सामुदायिक वन व्यवस्थापन कार्यक्रमको उपभोक्ता समितिमा दलितलाई सहभागी गराउन अनिवार्य प्रावधान छैन, जब कि यस्ता समितिमा एक तिहाइ महिलाको प्रतिनिधित्व अनिवार्य छ । नेपालको कुल साक्षरताको प्रतिशत हेर्दा पुरूषको साक्षरता ७५.१ प्रतिशत रहेकोमा महिलाको साक्षरता जम्मा ५७.४ प्रतिशत छ । तर दलितको साक्षरता करीब १० प्रतिशतकै हाराकारीमा रहेको छ । दलित महिलाको साक्षरता झन करीब ४ प्रतिशत मात्र रहेको छ । नेपालको पहाडी भेगका दलितको भन्दा तराई भेगका दलितको स्थिति अरू कष्टप्रद छ ।

भू-उपयोग सम्बन्धि प्राप्त जानकारी अनुसार नेपालमा प्राकृतिक स्रोत शाधनको वितरणमा विविधता छ । तराईको समतल भू भागमा कृषि योग्य जमिनको बाहूल्यता छ भने पहाडी भेगमा जंगल, भाडी तथा हिमाली भेगमा चरन तथा चट्यानयुक्त भू-भाग रहेको छ । प्राकृतिक स्रोतको उपयोगका दृष्टिकोणले हेर्दा महिलाहरूको अवस्था झन बढी संवेदनशील रहेको छ । महिलाहरू वनको उपयोगकर्तामात्र नभएर व्यवस्थापक पनि मानिन्छन् । सहस्राब्दी पारिस्थितिक प्रणाली सर्वेक्षणको तथ्या अनुसार जलवायु परिवर्तननै विश्वको जैविक विविधतामा आएको ह्रासको प्रमुख कारक तत्व बनेको छ । त्यसरी भएको जैविक विविधता ह्रासका कारण नेपाल जस्ता अल्प विकसित राष्ट्रका गरिव एवं सीमान्तकृत बर्गलाई सबैभन्दा बढी असर परेको पाईएको छ । त्यसमा पनि महिलाहरू बढी जोखिममा रहेका छन्, किनकी घास, दाउरा खोज्ने लगायतका कार्यमा महिलाहरूको दायित्व बढी रहेको हुन्छ ।

नेपालमा महिलाहरूको सहभागिता बढाउने सन्दर्भमा जे जति प्रयासहरू भएता पनि महिलामाथि हुने विभेद अन्त्य भइसकेको छैन् । औपचारिक रूपमै राजनितिक, सामाजिक र आर्थिक क्षेत्रमा महिलाहरूको प्रतिनिधित्व ज्यादै कम छ । पितृसत्तात्मक सामाजिक र आर्थिक क्षेत्रमा महिलाहरूको प्रतिनिधित्व ज्यादै कम छ । महिलाहरू आदिवासीहरूका अधिकांश परम्परागत ज्ञान, सीप, आविस्कारका संवाहक हुन् भने उनीहरूले यी विषयहलाई निरन्तरता दिई आएका छन् । राज्यबाट महिलाहरूका लागि लागु गरिने कार्यक्रमले समग्र महिलाहरूलाई प्रभावकारी रूपमा अझैसम्म पनि समेट्न सकेको अवस्था छैन् । नत प्रभावकारी कानुन, नीति तथा कार्यक्रमहरू नै छन् । अझैसम्म पनि नेपालको वनजंगल संरक्षणका क्षेत्रमा महिलाहरूको पूर्ण र प्रभावकारी सहभागिताको अभाव रहेको छ ।

**वातावरण संरक्षणमा जनसहभागिता**

नेपालमा जनसहभागितात्मक पद्धतिबाट चालिएका वातावरण संरक्षणका प्रयासहरू सफल बन्दै गईरहेका छन् । यसको उदाहरणको लागि यहाँको सामुदायिक वनको अवधारणा, निकुञ्ज तथा आरक्ष क्षेत्रमा मध्यवर्ति क्षेत्र घोषणा गरि संरक्षण गर्ने उद्देश्यले विकास गरिएको अवधारणालाई लिन सकिन्छ । वनजङ्गल र अन्य प्राकृतिक स्रोतसँगको नाता अरु वर्गको भन्दा तुलनात्मक रूपमा आदिवासी, जनजाति, दलित, महिला र सीमान्तकृत वर्गको घनिष्ट रहेको पाईन्छ । तर व्यवस्थापनका सवालमा भने, चाहे त्यो सामुदायिक वन उपभोक्ता समूहको होस् वा, मध्यवर्ति क्षेत्र व्यवस्थापन समितिको सन्दर्भमा होस्, आदिवासी, जनजाति, दलित, महिला र सीमान्तकृत वर्गको सहभागिता ज्यादै न्यून रहेको पाईएको छ । फलस्वरूप एकातिर परम्परागत रूपमा त्यस्ता वर्गले गर्दै आएको दिगो वन व्यवस्थापनमा असर परिरहेको पाईन्छ भने अर्कोतर्फ जीविकोपार्जनका लागि वनमाथि आश्रित त्यस्ता वर्गको जीविकामा समेत प्रत्येक्ष असर परेको पाईन्छ । कतिपय स्थानमा त झन, निकुञ्ज, आरक्ष र सामुदायिक वनको घोषणा गरिए लगत्तै त्यस्ता वर्गहरू विस्थापित हुनुपरेको उदाहरणहरू समेत पाईएका छन् । तसर्थ प्राकृतिक स्रोतको उपयोग मात्र नभएर व्यवस्थापनमा समेत त्यस्ता वर्गले सदियौंदेखि हासिल गरेको परम्परागत ज्ञानको अभिलेखीकरण गरिनुपर्दछ । जनसहभागितात्मक विकास र संरक्षण प्रयासमा महिला, जनजाती , दलित, गरिब, विपन्न तथा पीछडिएका समूदायको सहभागिता बढाउने, निर्णायक स्थानमा तिनीहरुलाई सहभागीको सूनिश्चितता गराउने तर्फ स्थानीय स्तरमा कार्यगर्ने सङ्घ-संस्थाले बिशेष जोड दिनु आवश्यकता देखिन्छ । सामुदायिक वन, कबुलियती वन र मध्यवर्ति क्षेत्रमा समेत गरिब, विपन्न एवं पीछडिएका वर्गको पहिचान गरी उनीहरूलाई जडीबुटी एवं फलफूल खेतीतर्फ उन्मुख गराउन सकिन्छ । यस्तो प्रक्रिया आर्थिक रूपले लाभप्रद हुने र प्राकृतिक वातावरणको संरक्षणमा समेत सहयोग पुग्दछ ।

आदिवासी, जनजाति, दलित, महिला र सीमान्तकृत वर्गहरु ज्ञान, शीप, बुद्धि, विवेक जस्ता हरेक पक्षमा कमजोर छन् । उनीहरूको चेतनाको स्तर निकै कम छ तर तिनीहरूलाई सधैँ कमजोर मान्ने हो भने सहभागितात्मक र समावेशी विकासको अवधारणा के पूरा होला ? त्यसकारण विभिन्न तालिमहरु, अनौपचारिक शिक्षा र सञ्चार माध्यमको सहयोगबाट क्षमता अभिवृद्धि गर्दै उनीहरूको सहभागिता बढाउँदै जानु पर्दछ । सदियौंदेखि त्यस्ता वर्गले हासिल गरेको परम्परागत ज्ञानलाई आत्मसात गर्दै त्यसकै आधारमा स्थानीय स्तरमा विकास र संरक्षणमा आधुनिक प्रविधिहरु लागू गरियो भने त्यो सफल हुन सक्दछ । फलस्वरूप सञ्चालित कार्यक्रमप्रति उनीहरूको अपनत्व बढ्न गई, क्रमशः जनसहभागिता जुटाउन सहयोग पुग्दछ । फलस्वरूप थोरै लागतमा र पूर्ण पारदर्शिताका साथै सुशासनको अनुभूति भई कार्यक्रमले पनि दिगोपना पाउने छ ।

नेपालमा हाल प्रचलनमा रहेका भूमी र वन व्यवस्थापनसम्बन्धी नयाँ ऐन, कानुन, नीति तथा कार्यक्रमहरू बनाँउदा वा त्यसको संशोधन गर्दा महिला, जनजाती, दलित र सीमान्तकृत वर्गमैत्रीं रणनीति निर्माणमा जोड दिईनुपर्दछ । परापूर्वकालदेखि नै पछाडी पर्दै आएका महिला, दलित र सीमान्तकृत वर्ग केन्द्रीत कार्यक्रमको व्यवस्था गरेर जीवनस्तरमा सुधार ल्याउने तर्फ जोड आवश्यक छ । वातावरणीय स्रोत, सेवा र वस्तुमा समन्यायिक पहुँच पुऱ्याई दिगो उपयोग र वितरण जस्ता विषयमा जोड दिने र हरेक विकास निर्माण र संरक्षण कार्यको निर्णय प्रक्रियामा उनीहरूको पहुंचवारे सरकारी तथा गैर सरकारी निकायले अनुगमन र मूल्याङ्कन गर्ने तर्फ पहल गरिनु आवश्यक बनेको छ । विश्वमा बढ्दै गएको जलवायु परिवर्तनको असरका कारण आफ्नो प्राकृतिक स्रोतमा भएको विनाश र विभिन्न प्रकोपका कारण, परम्परादेखि नै त्यस्ता स्रोतमा आस्रित आदिवासी जनजातीहरू, महिला, दलित तथा सीमान्तकृत वर्ग पिडित बन्दै गईरहेको पाईन्छ । तसर्थ त्यस्ता विश्वव्यापी समस्यासँग जुध्नको लागि महिला, जनजाती र सीमान्तकृत वर्ग केन्द्रीत अनुकुलनका विभिन्न उपायहरूको अवलम्बन गर्दै दिर्घकालिन सोंचका साथ अगाडी बढिएको खण्डमा बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक एवं भू-परिवेष्टित भुगोलको रूपमा परिचित देश नेपालले विश्वसामु वातावरणको दिगो व्यवस्थापनका क्षेत्रमा समेत उदाहरणीय नतिजा प्रस्तुत गर्न सक्दछ ।

kpsigdel@gmail.com

# शितल निवाससम्म खुमराजको खलवली

काठमाडौँ । खुमराज पुञ्जाली राजस्व अनुसन्धान विभागका महानिर्देशक हुन् । उनले वरिष्ठ अधिवक्ता शम्भु थापाको फर्ममा छापा मार्दा बारले वार छाड्यो र सर्वोच्चले कारवाही रोक्न र छापा मारेर कब्जामा लिएका सामान बुझाउन आदेश दियो । विभागले ती सबै सामान सर्वोच्चमा जम्मा गराइदिएको छ । रिट हालेकै दिन आन्तरीम आदेश दिने सर्वोच्चले भदौ २५ को पेसीलाई 'प्राविधिक कारण' भनेर ३० गतेका लागि सारिदिएको छ ।

यो काण्डले यति चर्कोरूप लियो कि राष्ट्रपति डा रामबरण यादवको शितल निवास समेत हल्लियो र उनले समेत चिन्ता प्रकट गरे । पेसागत सञ्जालदेखि बारले चिन्ता प्रकट गरेपछि शम्भु थापा चर्चाको शिखरमा पुगेका छन् । यद्यापी राजस्व अनुसन्धान विभाग एकपटक फेरि राजनीतिक दमनमा परेको छ । उसले किन छापा माऱ्यो, कारण के हो ? यसबारे विभागले वोल्न पाएको छैन । अधिवक्ता शम्भु थापाले राजस्व छलेका छन् कि छैनन्, त्यो पनि स्पष्ट छैन । एकपटक फेरि वकिललाई कानून लाग्दै भन्ने चर्चा पनि बढेको छ ।

यसैबीच अधिवक्ता शम्भु थापाले अँध्यारोमा गाली हानेका छन्- अख्तियार प्रमुख लोकमान सिंह कार्कीको साजिस । एउटा वरिष्ठ अधिवक्ताले यसरी शंकाको आरोप लगाउन मिल्छ कि मिल्दैन ? यो नैतिक हो कि होइन ? प्रश्न गम्भीर छ । किनकी राजस्व अनुसन्धान विभागको कायक्षेत्र र अख्तियार अलग अलग कायक्षेत्र भएका सरकारी निकाय हुन् ।

जेहोस्, राजस्व छली मामिलामा सरकार, वार, सर्वोच्च, राष्ट्रपति सम्म हलचल मच्चिएको यो पहिलो अवसर हो र दुर्भाग्य जनक परिस्थिति हो- विश्लेषकहरू भन्दछन् ।

## vjsb

# आठौँ साफको च्याम्पियन अफगानिस्तान

काठमाडौं । आठौं साफ च्याम्पियनसिप फुटबलको उपाधि अफगानिस्तानले जितेको छ । दशरथ रंगशालामा बुधबार सम्पन्न फाइनलमा साबिक विजेता भारतलाई २-० ले स्तब्ध पार्दै अफगानिस्तान साफ फुटबलको नयाँ विजेता चुनिएको हो । गृहयुद्ध र तालीवानी सरकार हटेपछि अन्तर्राष्ट्रिय खेलकुदमा यात्रा सुरू गरेको अफगानी फुटबलका लागि यो ऐतिहासिक उपलब्धि हो । अन्तर्राष्ट्रिय फुटबलमा पुनरागमन जनाएयता अफगानी टोलीले जितेको यो




पहिलो अन्तर्राष्ट्रिय फुटबल उपाधि हो ।

उपाधि जित्ने क्रममा अफगानिस्तानले नेपाल र भारतजस्ता टोलीविरूद्ध उत्कृष्ट प्रदर्शन गऱ्यो । जितसँगै अफगानिस्तानले सन् २०११ को नयाँदिल्लीमा सम्पन्न सातौं संस्करणको फाइनलमा भारतसँग बेहोरेको ४-० को हारको बदला पनि लियो । पराजयले छैटौंपटक उपाधि उचाल्ने योजनामा रहेको भारतलाई ठूलो झड्का लागेको छ । सार्क गोल्डकपमा एक र साफ च्याम्पियनसिपमा भारतले पाँचपटक उपाधि उचालेको छ ।

साफ इतिहासमा भारत सर्वाधिक सफल टोली हो । अफगानिस्तानलाई ऐतिहासिक उपाधि दिलाउन मुस्तफा अजादजोए र सन्जार अहमादीले एक-एक गोल गरे । मुस्तफाले खेलको नवौं मिनेटमै टोलीलाई १-० ले अघि राखेका थिए । सन्जारको क्रसमा मुस्तफाले दुई भारतीय डिफेन्डर र गोलरक्षक सुव्रत पउललाई समेत छक्याउँदै नजिकबाट गोल गरेका थिए । खेलको ६२औं मिनेटमा सन्जार आफैंले गोल गर्दै अग्रता २-० मा पुऱ्याए ।

बेलाल अरेजोले प्रहार गरेको बल गोलरक्षक पउलको शरीरमा लागेर फर्किएको थियो । त्यही बललाई नियन्त्रणमा लिंदै सन्जारले सिक्स यार्ड बक्सबाट उत्कृष्ट गोलम गरेका थिए । फाइनलमा प्रतियोगिताभरकै उत्कृष्ट प्रदर्शन गरेको भारत अफगानी डिफेन्स लाइन तोड्न असफल रह्यो । पहिलो हाफ नियमित कप्तान एवं स्ट्राइकर सुनील क्षेत्रीविना मैदानमा उत्रिएको भारतले केही राम्रा गोल अवसर खेर फालेको थियो ।

खेलपछि हर्षित देखिएका अफगानी प्रशिक्षक युसेफ कार्गरले दक्षिण एसियामा भारतको दबदबा सकिएको घोषणा गरे । 'हामीले सेमिफाइनलमै भारतलाई रोजेका थियौं, तर फाइनलमा बदला लिनु अझ अर्थपूर्ण रह्यो, यो खुसी वर्णन गर्न सक्दिनँ,' उनले भने, 'अब दक्षिण एसियामा भारतको राज सकिएको छ, अफगानिस्तान रहेसम्म भारतले उपाधि जित्न सक्दैन ।'

फाइनल हेर्न अफगानी तीन मन्त्रीसहित दुई समर्थक प्लेन चार्टर गरी काठमाडौं ओर्लिएका थिए । 'फाइनलकै लागि हामीले प्लेन चार्टर गऱ्यौं, यो उपलब्धि हाम्रा लागि मात्रै नभएर सिंगो अफगानिस्तानका लागि ऐतिहासिक उपलब्धि हो, यसले राष्ट्रिय एकता बढाएको छ,' प्रशिक्षक कार्गरले भने ।

भारतीय टोलीका प्रशिक्षक विम कोइभरमान्सले भने टोलीले उत्कृष्ट खेलेको प्रतिक्रिया दिए । 'खेलाडीले पूरै खेल अवधिभर उत्कृष्ट खेले, पूरै खेल हाम्रै नियन्त्रणमा थियो, तर जितका लागि गोल नै गर्नुपर्छ,' उनले भने, 'अफगानिस्तानले मुस्किलले थोरै अवसर निकाल्यो त्यसलाई सदुपयोग गऱ्यो, हामी त्यहीं चुक्यौं ।' अफगानी गोलरक्षक मन्सुर फर्जियार प्रतियोगिताकै मोस्ट भ्यालुएबल प्लेयर घोषित भए । उपाधिसहित अफगानिस्तानले ५० हजार अमेरिकी डलर प्राप्त गऱ्यो । यस्तै उपविजेता भारतले २५ हजार डलर प्राप्त गऱ्यो भने सेमिफाइनलिस्ट नेपाल र माल्दिभ्सले २०-२० हजार अमेरिकी डलर प्राप्त गरे ।

**रविनलाई मोटरसाइकल**

आठौं साफ च्याम्पियनसिपमा नेपाललाई सेमिफाइनलसम्म पुऱ्याउन उत्कृष्ट प्रदर्शन गरेका डिफेन्डर रविन श्रेष्ठले नेपाली टोलीकै उत्कृष्ट खेलाडी हुँदै एकथान मोटरसाइकल पाएका छन् । उनले प्रतियोगिताको प्रायोजक हिरोबाट 'सिबिजेड एस्क्ट्रिम' प्राप्त गरेका हुन् । रविनले भारतविरूद्धको २-० को जितमा दोस्रो गोलका लागि जुमानु राईलाई उत्कृष्ट अवसर मिलाइदिएका थिए । नेपालले प्रतियोगितामा फेयर प्लेको अवार्डसमेत प्राप्त गऱ्यो ।

# साइपाल र गोल्डेनगेट क्वाटरफाइनलमा

काठमाडौं/ साइपाल एकेडेमी र गोल्डेनगेट इन्टरनेसनल कलेज प्रथम अन्तरकलेज छात्र फुटसल प्रतियोगिताको क्वाटरफाइनलमा प्रवेश गरेका छन् । साइपालले बुधबार भएको खेलमा धुलिखेल इन्जिनिएरिङ कलेजलाई १०-० र केएफएलाई ४-२ गोलअन्तरले पराजित गऱ्यो । गोल्डेनगेटले सिसिआरसीलाई ४-२ ले पन्छायो । यसैगरी, युनाइटेड एकेडेमी, एपेक्सको 'ए' र 'बी', प्रेसिडेन्सियल र बूढानीलकण्ठ पनि क्वाटरफाइनलमा स्थान सुरक्षित गर्न सफल रहे ।

# सेभेन 'ए' साइड सुरू

कास्की । ट्याक्सी इकाइ समितिको आयोजनामा बुधबारदेखि कास्कीमा प्रथम सेभेन 'ए' साइड फुटबल प्रतियोगिता सुरू भएको छ । सो प्रतियोगिताको उद्घाटन महजोडी मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यले गरेका थिए । पहिलो दिन बाग्लुङ-बेनी ट्याक्सी इकाइ समितिले अमरसिंह चोक ट्याक्सी इकाइ समितिलाई हरायो । प्रतियोगितामा १० इकाइ ट्याक्सी समितिले भाग लिएका छन् ।

## /Elg va/



## हिरो आर्यन अब निर्माता

काठमाडौं/ चर्चित हिरो आर्यन सिग्देलले चलचित्र निर्माणमा हात हालेका छन् । उनले निर्माता सुवास गिरीसँग मिलेर निर्माण गर्न लागेको चलचित्रको नाम हो- 'नोभेम्बर रेन' ।

सुवास इन्टरटेन्मेन्ट प्रोडक्सन र आर्यन सिग्देल इन्टरटेन्मेन्टको प्रस्तुतिमा बन्ने नोभेम्बर रेनको निर्देशन दिनेश राउतले गर्दै छन् । नोभेम्बर रेन युनिटले सोमबार चलचित्र पत्रकार संघ, स्पिकर्स कर्नरको मिडिया संयोजनमा राजधानीमा पत्रकार सम्मेलन आयोजना गरी चलचित्रको घोषणा गऱ्यो । 'फिल्म पूर्ण प्रेमकथानक हुनेछ,' निर्देशक राउतले भने, 'दर्शकलाई मनोरञ्जित गर्न पूरा कोसिस लगाउनेछु ।'

चलचित्र निर्माण आफ्नो पहिलो पाइला भएको बताउँदै हिरो आर्यनले भने, 'मैले अभिनयका माध्यमबाट दर्शकलाई जसरी खुसी पारेको छु, फिल्म बनाएर अझ खुसी दिने कोसिस गर्नेछु ।' उनले आफू अभिनयसँगै अब चलचित्र निर्माणमा निरन्तर लाग्ने बताए । यसअघि आफूले निर्माण गरेको 'हो यही माया हो'मा भएका कमी-कमजोरीबाट सिकेर नोभेम्बर रेन बनाउन लागेको बताउँदै निर्माता सुवासले भने, 'यसपालि भने बेस्ट फिल्म बनाउने प्रयास गर्दै छौं । सबैको साथ पाए सफल हुनेमा विश्वस्त छु ।' उनले असफलताबाट पाठ सिकेर अघि बढेमा मात्र सफल भइने कथन आत्मसात् गरेको बताए ।

कार्यक्रममा चलचित्र निर्माता संघका अध्यक्ष राजकुमार राई, चलचित्र पत्रकार संघका अध्यक्ष विदुर गिरी, प्राविधिक संघका अध्यक्ष मनोज केसीलगायतले चलचित्रको सफलताका लागि अग्रिम शुभकामना दिएका थिए । नोभेम्बर रेनमा आर्यनका साथमा नम्रता श्रेष्ठ, स्वघोषित नेपाली माइकल ज्याक्सन पपगायक धीरज राईकी पत्नी छुल्टिम गुरुङ राई, केशव भट्टराई, हिउँवाला गौतम, राजु लामालगायतले अभिनय गर्नेछन् । ताराप्रकाश लिम्बूको संगीत रहेको चलचित्रमा कविराज गहतराजले नृत्य र हिमाल केसीले द्वन्द्व निर्देशन गर्ने भएका छन् । सुटिङ ३० भदौमा धरानबाट सुरु हुने बताइएको छ ।

## ढुवानीले गऱ्यो कार ऱ्याली

काठमाडौं । चेलिबेटी बेचबिखनजस्तो विकराल समस्यालाई प्रमुख विषय बनाई निर्माण गरिएको चलचित्र 'ढुवानी'ले शनिबार राजधानीमा कार तथा मोटरसाइकल ऱ्याली आयोजना गऱ्यो । २८ भदौमा रिलिज हुने ढुवानीले




चेलीबेटी बेचबिखनविरुद्ध आवाज उठाउँदै चलचित्रको पब्लिसिटी गर्न ऱ्याली गरेको हो ।

कविता फिल्म्सको ब्यानरमा कविता श्रेष्ठले निर्माण गरेको ढुवानीको ऱ्याली भृकुटीमण्डपबाट सुरु भई बनेपा पुगेर फर्किएको थियो । चार दर्जनभन्दा बढी कार र मोटरसाइकल ऱ्याली एमाओवादीले एक्कासि आह्वान गरेको उपत्यका बन्दका कारण निर्धारित समयभन्दा करिब साढे दुई घन्टा ढिलो सुरु भएको थियो । बन्द आह्वान गरिए पनि प्रहरीको स्कर्टिङमा ऱ्याली गरिएको थियो । माइती नेपालकी अध्यक्ष तथा सिएनएन हिरो विजेता पहिलो महिला अनुराधा कोइरालाको प्रमुख आतिथ्यतामा सम्पन्न ऱ्यालीमा ढुवानीको कलाकार, प्राविधिक, सञ्चारकर्मी तथा सर्वसाधारणको बाक्लो उपस्थिति थियो ।

केही समय तनाव लागे पनि अन्ततः ऱ्याली सफल भएको निर्मात्री कविताले बताइन् । 'बन्दका कारण पहिला नै तय गरेको ऱ्याली नहुने हो कि भनेर तनाव भएको थियो । तर, पछि प्रहरी प्रशासनको साथले सुचारू भयो,' ऱ्यालीका कारण दर्शकमा ढुवानीप्रति अझ कुतूहल जागेको बताउँदै उनले भनिन्, 'ढुवानीमा मनोरञ्जनका साथै चेलिबेटी बेचबिखनविरोधी आवाज पनि छ । त्यसकारण बढीभन्दा बढी दर्शकलाई ढुवानी हेर्न जगाउनका लागि ऱ्याली गरेका हौं ।' ढुवानीकै लागि कविताले केही साताअघि शान्तिनगरस्थित वृद्धाश्रममा वृद्धवृद्धालाई भोजन गराएकी थिइन् । पीताम्बर पाण्डेको निर्देशनमा बनेको चलचित्रको निर्माता कविताका पति मन्जिल श्रेष्ठ हुन् ।

## जन्जिरलाई पछाऱ्यो जन्जिरले

काठमाडौं । शुक्रबार रिलिज भएको हिन्दी फिल्म 'जन्जिर'लाई नेपाली 'जन्जिर'ले पछारेको छ । निर्माता करण श्रेष्ठ 'क्रेजी'का अनुसार शनिबार हिन्दी जन्जिरमा




भन्दा नेपाली जन्जिरमा दर्शक खचाखच थिए । 'अष्टनारायण हलमा त बबाले भयो,' करणले भने, 'सँगै प्रदर्शनका अरु सबै फिल्मभन्दा मेरो जन्जिर माथि छ । दर्शकले निकै मन पराएका छन् ।'

सोभित बस्नेतको निर्देशनमा बनेको जन्जिर एक्सन कमेडी फिल्म हो । जयकिसन बस्नेत, हर्षिका श्रेष्ठ, रिया श्रेष्ठ, सुस्मिता शाहीलगायतले अभिनय गरेको जन्जिरले राजधानीका हलमा अब्बल व्यापार गरिरहेको निर्देशक बस्नेतले बताएका छन् । गीत-संगीतका कारण प्रदर्शनअगावै चर्चामा रहेको जन्जिरका साथमा दीपक श्रेष्ठको 'वीर' र मनीष पन्तको 'हाम्री चेली' प्रदर्शनरत छन् ।

## असोज ४ मा खेताला

काठमाडौं/ एक्सन लभस्टोरी चलचित्र 'खेताला'को रिलिज डेट तय भएको छ । प्रस्तुतकर्ता रामभक्त श्रेष्ठका अनुसार ४ असोजमा खेताला लाग्नेछ ।

उत्तरगया फिल्म्सको ब्यानरमा शिव घिमिरे निर्देशित खेतालामा राजेश ढुंगाना, पुष्कर रेग्मी, मोनिका दाहाल, रामभक्त श्रेष्ठ, किशोर चौलागाईंलगायतले अभिनय गरेका



छन् । रेखा पाण्डे निर्मात्री रहेको चलचित्रमा पारिवारिक विषय उठान गरिएको बताइन्छ ।

## छायांकनमा नो टेन्सनको

भाद्र । एन. पि फिल्मस् पोडक्सनको चौथो प्रस्तुती चलचित्र 'नो टेन्सन'को राजधानीको भद्रकाली मन्दिरमा शुभ मुर्हत कार्य सम्पन्न भएको छ । सो चलचित्रको शुभ मुर्हत लगत्तै छायाँकन पनि थालिएको छ । समसामयिक परिवारिक कथावस्तुमा आधारित हास्यप्रधान चलचित्र 'नो टेन्सन'लाई शिव घिमिरेले निर्देशन गर्दैछन् ।

राज क्षितिज, आनन्त पुन, मोनिका दाहाल, विनिता घिमिरे, रामभक्त श्रेष्ठ, किरणराज भण्डारी, राजन मर्हजन, उमेश सिवाकोटी आदिका साथ धिरने शाक्यको पनि विशेष भुमिका रहेको निमार्ण पक्षले जनाएको छ । पदमकृष्ण वानियाँ निर्माता रहेको 'नो टेन्सन'मा द्वन्द्व सम्राट वस्नेत, सङ्गीत राजेन्द्र श्रेष्ठको रहेको छ ।

## skt/6

## एभरेस्ट बैंकको लाभांश पारित

काठमाडौं । एभरेस्ट बैंक सञ्चालक समितिको शुक्रबार बसेको बैठकले आर्थिक वर्ष ०६९/७० को मुनाफाबाट सेयरधनीलाई ५० प्रतिशत नगद लाभांश र १० प्रतिशत बोनस सेयर वितरण प्रस्ताव पारित गरेको छ । राष्ट्र बैंकको स्वीकृतिपछि वार्षिक साधारणसभाले लाभांश वितरण निर्णय कार्यान्वयन गर्ने बैंकको विज्ञप्तिमा उल्लेख छ ।

## सानिमाको लाभांश पारित

काठमाडौं । सानिमा बैंकको शुक्रबार बसेको सञ्चालक समिति बैठकले सेयरधनीलाई १० प्रतिशत बोनस सेयर तथा ०.५३ प्रतिशत नगद लाभांश वितरण प्रस्ताव पारित गरेको छ । बैंकले राष्ट्र बैंकको स्वीकृतिपछि आगामी नवौं वार्षिक साधारणसभामा लाभांश वितरणको प्रस्ताव पेस गर्नेछ । चालू आव ०६९/७० मा बैंकले ३०.५० करोड खुद नाफा आर्जन गरेको छ भने कुल निक्षेप १७ अर्ब ७८ करोड र कुल ऋण प्रवाह १५ अर्ब ९ करोड रहेको छ ।

## प्रभुको खुद नाफा ८.७२ करोड

काठमाडौं । प्रभु विकास बैंकले गत असार मसान्तसम्मको वित्तीय विवरण सार्वजनिक गरेको छ । सार्वजनिक गरिएको वित्तीय विवरणमा बैंकको चुक्ता पुँजी ७६ करोड ५९ लाख ६४ हजार, निक्षेप ८.२३ अर्ब, कर्जा सापट ५.८० अर्ब र पुँजी पर्याप्तता अनुपात १३.७६ रहेको छ ।

बैंकले दसैं-तिहार र छठ पर्वलाई लक्षित गरी निजी गाडी खरिद गर्न चाहनेलाई अटो लोन स्किम सञ्चालन गरेको छ । योजनाअन्तर्गत १०.९९ देखि ११.९९ प्रतिशतसम्मको वार्षिक ब्याजदरमा ८ वर्षसम्मको भुक्तानी अवधिको ऋण लिन सकिनेछ । त्यस्तै, नयाँ घरजग्गा किन्न चाहने ग्राहक सुविधालाई ध्यानमा राखी वार्षिक ब्याजदर १०.५० देखि १२.५० प्रतिशतमा २५ वर्षसम्मको भुक्तानी अवधिको होम लोन सुरु गरेको छ । बैंकले नयाँ व्यवसाय सञ्चालनका लागि स्माल बिजनेस लोन योजना पनि सुरु गरेको छ ।

## नबिल बैंकको रक्तदान

काठमाडौं/ नबिल बैंक कर्मचारी संघले बैंकको २९औं वार्षिकोत्सव अवसरमा शनिबारका रक्तदान कार्यक्रम आयोजना गरिएको जनाएको छ । कार्यक्रममा नबिल बैंक बुटवल, भैरहवा र भलबारी शाखाका ४० बढी कर्मचारीले रक्तदान गरेको संघका राष्ट्रिय पार्षद कृष्णप्रसाद लम्सालले बताए । नबिल बैंक बुटवल शाखा प्रबन्धक प्रदीप मिश्रले रक्तदान सामाजिक कार्य भएकाले बैंक कर्पोरेट संस्थागत उत्तरदायित्वप्रति सजग रहेको जानकारी दिए ।

## गरिमाको लाभांश स्वीकृत

कास्की/ पोखरामा मुख्य कार्यालय रहेको गरिमा विकास बैंकले वितरण गर्ने २५ प्रतिशत लाभांश राष्ट्र बैंकबाट स्वीकृत भएको छ ।

आव ०६९/७० को नाफाबाट सेयर सदस्यलाई वितरणका लागि प्रस्ताव गरेको २० प्रतिशत बोनस सेयर र ५ प्रतिशत नगद लाभांश राष्ट्र बैंकले स्वीकृत गरेको बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्दप्रसाद ढकालले जानकारी दिए ।

बैंकको आउँदो असोज तेस्रो साता हुने साधारणसभाले पारित गरेपछि लाभांश वितरण गर्नेछ । बैंकले आव ०६९/७० मा ३ अर्ब निक्षेप संकलन तथा २ अर्ब ४३ करोड कर्जा लगानी गरी ९ करोड ६१ लाख सञ्चालन नाफा आर्जन गरेको जनाएको छ ।

## प्रभुका उपहार विजेता मलेसिया भ्रमणमा

काठमाडौं । प्रभु मनी ट्रान्सफरले १२औं वार्षिकोत्सव अवसरमा सञ्चालन गरेको 'पायो पैसा, घुम्यो मलेसिया' अफरका विजेता मलेसिया भ्रमणमा गएका छन् । लक्की ड्रमार्फत बुधबार छानिएका विजेताले मलेसिया भ्रमण अवसर पाएका हुन् ।

विजेतालाई कम्पनीका उपाध्यक्ष कुसुम लामाले दोसल्ला ओढाई बिदाइ गरेका थिए । कार्यक्रमका विजेता १६ सेप्टेम्बरमा नेपाल फर्कनेछन् । वार्षिकोत्सव अवसरमा लक्की ड्रमार्फत कम्पनीका ग्राहकले मोटरसाइकल, डिटिएच, सामसुङ मोबाइललगायत उपहार पाएका थिए ।

## आइसिएफसीको लाभांश पारित

काठमाडौं । आइसिएफसी फाइनान्सको शुक्रबार बसेको सञ्चालक समितिको १३७औं बैठकले आव ०६९/७० को मुनाफाबाट सेयरधनीलाई १०.७९ प्रतिशत नगद लाभांश तथा ५ प्रतिशत बोनस सेयर वितरणको निर्णय गरेको छ । लाभांश वितरण प्रस्ताव राष्ट्र बैंकले स्वीकृत गरेको कम्पनीको साधारणसभाबाट पारित भएपछि लागू हुनेछ ।

## कुमारी बैंक-बिओके रेमिट सम्झौता

काठमाडौं/ कुमारी बैंक र बैंक अफ काठमाण्डु (बिओके)बीच कुमारी रेमिट सेवा बैंक अफ काठमाण्डुका शाखाबाट उपलब्ध गराउनेसम्बन्धी सम्झौता भएको छ । सम्झौताअनुसार बिओकेले ५० शाखाबाट कुमारी रेमिट सेवा उपलब्ध गराउनेछ ।

सम्झौतामा कुमारी बैंकका कामु प्रमुख कार्यकारी अधिकृत उदयकृष्ण उपाध्याय र बिओकेका चिफ अपरेटिङ अफिसर प्रवीण प्रकाश क्षेत्रीले हस्ताक्षर गरेका थिए । सम्झौताअनुसार रेमिट्यान्स सेवालाई नेपालभर पुऱ्याइनेछ । कुमारी बैंकमार्फत कतार, संयुक्त अरब इमिरेट्स (युएई), मलेसिया, अमेरिका, रूस, अन्य खाडी राष्ट्र र युरोपियन मुलुकबाट रेमिट्यान्स आउने गरेको छ ।

## बाँदरमुडे...

तत्कालिन माओवादी हालको एमाओवादीले चलाएको द्वन्द्वदेखि अहिलेसम्म राष्ट्रिय र अन्तराष्ट्रिय रूपमै चर्चामा आएको वाँदरमुडे घटना नै दाहालको लागि तगारो बनेको छ । त्यही घटनाका कारण दाहाललाई निर्वाचन लड्न चितवन जिल्ला समितिले दाहालको नाम सिफारिस गरेको छैन । पार्टीको केन्द्रीय कार्यालयले समेत त्यसको लागि पहल नगरेको हुनाले दाहाल चितवनबाट चुनाव लड्ने सम्भावना न्यून रहेको छ । बाँदरमुडे घटनाकै कारण अन्य नेताहरू जस्तो दाहाल चितवन जाँदैनन् । २०६४ सालको चुनावमा घटनाको अवस्था ताजै भएकाले दाहाल त्यहाँबाट चुनाव लड्न नचाहेका हुन् । वाँदरमुडे घटनाकै कारण आफ्नै गृहजिल्लाबाट निर्वाचन लड्न नसक्ने अवस्थामा दाहाल पुगेका छन् ।

बाँदरमुडे घटना पछि पिडित पक्षले दाहाललाई राहत र पिडकलाई कारवाहीको माग बारम्बार उठाउँदै आएका भएपनि अहिले सम्म कसैलाई कारवाही नगरिएको र पिडितले राहत सम्म पाउन सकेका छैनन् । राहत वितरण गर्ने भनि दाहालले उद्घोष गरेपनि उनले कहिल्यै त्यो बोली पूरा गर्न नसकेका र आफू र आफ्नै दलका नेता प्रधानमन्त्री भएकाबेलामा समेत पिडितलाई राहत र पिडकलाई कारवाहीको घेरामा ल्याउन नसकेका हुनाले चितवनबाट चुनाव लड्ने हिम्मत गर्न नसकेको प्रष्ट रूपमै देखिएको छ ।

दाहाल आफू चितवनबाट चुनाव लड्न सक्ने अवस्थामा नरहेपछि केन्द्रीय नेताको रूपमा चितवन क्षेत्र नं. ५ बाट नारायणकाजी श्रेष्ठलाई चुनाव लड्न जिल्ला समितिले सिफारिस गरेको भएपनि वाँदरमुडे घटना ताजै रहेकाले श्रेष्ठले निर्वाचन लड्ने नलड्ने पक्षमा मुख खोलेका छैनन् । सशस्त्र द्वन्द्वमा नलागेकाले श्रेष्ठलाई उम्मेद्वार बनाइएको र उनि त्यहाँबाट विजयी हुन सक्ने एमाओवादी कार्यकर्ताहरूले आसा गरेका छन् । पछिल्लो समयमा गोरखा फुजेलका कृष्ण प्रसाद अधिकारीको हत्यामा संलग्न भएका भनिएका रामप्रसाद अधिकारी पक्राउ परेपछि र कृष्णप्रसाद अधिकारीको हत्यामा संलग्न भनि बाबुआमाले किटानी जाहेरी दिएका व्याक्तिहरू समेत चितवनकै भएका हुनाले श्रेष्ठलाई पनि चुनाव जित्नु फलामको चिउरा चपाए सरह हुने अनुमान चितवनमै गर्न थालिएको छ ।

## असोज ७ सम्म...

पर्नेमा ९ नम्बरमा पुऱ्याइयो भनेर सर्वोच्चमा रिट हालेको छ । वैद्य समूह-असन्तुष्टहरू चुनावमा आउन चाहेमा भने तिनको चुनाव चिन्ह पनि मतपत्रमा छाप्नु पर्ने हुन्छ । निर्वाचन आयोग ढिला भयो, छिटो सहमतिमा पुगौं भनेर ताकेता गरिरहेको छ ।

यसैबीच संयन्त्र नामको सिन्डिकेट वैद्यसमूह चुनावमा आएन भने बहिष्कार गर्ने अधिकार सुरक्षित गर्दै निर्वाचन बिथाल्न खोज्नेलाई 'आतंककारी' घोषित गरेर कारबाही गर्ने अर्को अध्यादेश कानुनको तयारी गर्न जुटेको छ । यसैबीच सिन्डिकेटले चुनाव बिथोल्ने अभियान चलाउनेविरूद्ध सेनाको सुरक्षा योजना पनि बनाएको छ । म्यादी प्रहरी भर्नाको काम पूर्व सेना र प्रहरीलाई दिने निर्णय भइसकेको छ ।

यसैबीच वैद्य समूहलाई 'खाए खा, नखाए घिच' को रूपमा एक्ल्याएर एमाओवादी चुनाव जित्ने, कार्यकारी राष्ट्रपति र आफ्नै योजना अनुरूपको संघीयताको घोषणा गर्ने रणनीतिमा परिपक्व हिसाबले लागेको छ । हेर्नु छ, वैद्यसमूहलाई आउट गर्ने खेल र नेकपा-माओवादी र एमाओवादीबीचको यो 'कक फाइट'को परिणाम कति भयावह हुने हो ।

## दूतावासहरूमा...

नियोगहरूले संलकन गर्दै आ-आफ्ना मुलुक र हेडक्वार्टरहरूमा रिपोर्टिङ भइरहेका छन् । कसैले हेग अदालतमा मुद्दा हालिदियो भने प्रचण्ड-बाबुरामले अन्तर्राष्ट्रिय समुदायलाई १७ हजार हत्याको कारण दिनु पर्ने दिन पनि आउन सक्छ । स्मरणीय के पनि छ भने प्रचण्डले जिम्मेवारी लिँदा बाबुरामको नाम आफूसँग किन जोडे ? प्रचण्डमा कतै आफू फसे बाबुरामलाई किन छाड्ने भन्ने भय छ ?

कृष्णप्रसादका बाबुआमालाई ४७ दिनपछि जुस खुवाएर खिलराज सरकार, राष्ट्रपति र प्रचण्डलाई राहत दिएका छन् । मन्त्रिपरिषद् तथा प्रधानमन्त्री कार्यालयका सचिव कृष्णहरि बास्कोटाले कृष्णप्रसादका हत्यारालाई हथकडी लगाउने, क्षतिपूर्ति दिने र सुरक्षा दिने प्रतिबद्धता त गरेका छन्, कतै उन्मत्त हत्यारले यी वृद्ध दम्पत्तिकै हत्या गरिदिए भने के हुन्छ ? उनले सोचका छन् ?

## गोलमेच सम्मेलन...

संविधान पनि बन्न नसक्ने विश्लेषण राजनीतिक रूपमा गरिँदै आएको छ ।

सरकारले शनिबार बोलाएको बैठकमा नेकपा-माओवादीका अध्यक्ष आफ्नो पार्टीको बैठक भएकाले उपस्थिति नभएको नेकपा-माओवादीले दाबी गरेपनि शनिबार नै नेकपा एमालेका अध्यक्ष झलनाथ खनालले वैद्यसँग अनौपचारिक वार्ता गरेका थिए । उच्चस्तरीय राजनीतिक संयन्त्रका नेताहरू र दलहरूले वैद्यसँग अनौपचारिक वार्ता गरिहको शनिबारको बैठकमा जानकारी गराइएपछि सरकार र दलहरूले वैद्यलाई असोज ७ गतेसम्मको समयसीमा दिएर बैठकको समापन गरेका थिए । सोही सर्वदलीय बैठकमा मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मी र गृहमन्त्री माधवप्रसाद घिमिरेले सरकारले निर्वाचन सम्बन्धि गरेका कार्यहरूका बारेमा जानकारी गराएका थिए ।

सर्वादलीय बैठकमा उपस्थित भएका सबैदलका नतोहरूले नेकपा-माओवादीको सहभागिता बिनाको संविधानसभाले संविधान निर्माण नै गर्न नसक्ने भएकाले नेकपा-माओवादीलाई जसरी भएपनि निर्वाचनमा सहभागी गराउनु पर्ने अडान राखेका थिए । बैठकमा नेपाली कांग्रेसका उपसपभापति रामचन्द्र पौडेलले नेकपा-माओवादीका मागहरू सम्बोधन गर्न दलहरू सकारात्मक भएको भन्दै अघिल्लो संविधानभसामा उपस्थित भएका दलहरूबीच गोलमेच सम्मेलन गर्न सकिने उद्घोष गरेका थिए । नेकपा-माओवादीसहितका अन्य सबै दलहरूले मंसिर ४ मा गर्ने भनिएको संविधानसभाको दोस्रो निर्वाचनमा भाग लिने प्रतिबद्धता जनाएको खण्डमा गोलमेच सम्मेलन गर्न सकिने अभिव्यक्ति दलका नेताहरूले दिएपनि गोलमेच सम्मेलनले मंसिर ४ को निर्वाचन भने सार्न नपाउने गरी अन्य विषयमा मात्र छलफल गर्न सक्ने दलका नेताहरूको अभिव्यक्तिबाट वैद्य पक्ष निर्वाचनमा आउने कुरामा शंका उब्जिएको छ । कुनै सर्त राखेर गरिने गोलमेच सम्मेलनको औचित्य नहुने एक राजनीतिक विश्लेषकले बताएका छन् । यसैबीच मधेसी जनअधिकार फोरम लोकतान्त्रिकका अध्यक्ष विजय कुमार गच्छदारले नेकपा माओवादीले आउँदो संविधानसभाको निर्वाचनमा सहभागीता जनाउने प्रतिवद्धता जनाएको खण्डमा मंसिर ४ को निर्वाचन पछि सार्न सकिने उद्घोष गरेपनि चारदलिय उच्च स्तरीय राजनैतिक संयन्त्र र खिलराज रेग्मी सरकारले भने गच्छदारको अभिव्याक्ति प्रति केही प्रतिकृया जनाएका छैनन् ।

## अधिकारी...

वास्कोटाले जनाएपछि गत शनिवार राती १ बजेर १५ मिनेट जाँदा अधिकारी दम्पतिले जुस खाएर अनसन तोडेका छन् । अधिकारीका मागहरूमा हत्यामा संलग्न भएकाहरूलाई अविलम्ब पक्राउ गरी कारवाही अगाडि बढाउने, क्षतिपूर्ति उपलब्ध गराउने, अधिकारी परिवारको पुनर्स्थापन र उनीहरूको सुरक्षा व्यवस्था मिलाउने र अधिकारी दम्पतिको उपचार खर्च सरकारले व्यहोर्ने प्रतिवद्धता सरकारले जनाएको छ । सरकारले लिखित रूपमै यी प्रतिवद्धता जनाएको हुनाले उनीहरूले अनशन तोडेका हुन् । शुक्रवार काठमाडौंबाट एक व्यक्तिलाई पक्राउ गरी अनुसन्धानका लागि चितवन लगीएपछि अनसन तोड्न सहज भएको थियो ।

लामो समयसम्म आमरण अनसनमा बसेका हुनाले अधिकारी दम्पतिका लागि ठूलो उपचारको आवश्यकता भएको चिकित्सकहरूले बताएका छन् । अब उनीहरूलाई २ हप्तासम्म झोल पदार्थ मात्र खुवाएर राख्नु पर्ने र करीव ६ महिनासम्म सघन उपचार कक्षमै राखेर उपचार गरीनु पर्ने चिकित्सकहरूको भनाई रहेको छ । चितवनमा रहेका आफ्ना वाजेवजै भेट्न त्यता गएका कृष्णप्रसाद अधिकारीलाई नेकपा माओवादीको कार्यकर्ताहरूले अपहरण गरी हत्या गरेका भएपनि अधिकारी दम्पतिलाई भने छोरा दुर्घटनामा परेको भनेर अन्तिम दाहसंस्कार गर्न लगाएका थिए । त्यसबेला उनीहरूलाई माओवादीका नेता सहित कार्यकर्ताहरूले ठूलो दवाव दिएपनि उनीहरू त्यस्तो दवावका अगाडि नझुकि छोराको हत्यामा संलग्न भएकाहरूलाई कारवाहीको माग गर्दै नौ वर्षसम्म संघर्षमा लागेका थिए । अन्त्यमा छोराका हत्याराहरूलाई कारवाही नभएको खण्डमा आफूहरू मर्न तयार रहेको भन्दै आमरण अनसनमा बसेका र उनीहरू कसैको अगाडि नझुकेको हुनाले उनीहरूको अगाडि सरकार घुँडा टेक्न बाध्य भएको हो ।

## महिलाले...

रामप्रसाद अधिकारीलाई रिहा नगरेसम्म बन्दहड्ताल गर्ने भन्दै रिहा गराउन खोजेको हुनाले अपराधी जो सुकै भएपनि कारवाही हुनुपर्ने माग सडकमा उत्रिएका महिलाहरूले गरेका थिए । कतिपय स्थानमा त बन्दकर्ताहरूले बोकेका झण्डाहरू समेत खोसेर च्यातिदिँदै अपराधीहरूलाई कानुनी कारबाही गर्नुपर्ने माग गरेका थिए ।

गाडी नचलेपछि माइती जान हिँडेका महिलाहरूले कलंकीमा एमाओवादीविरूद्ध नाराबाजी समेत गरको थिए । एमाओवादीले आकस्मिक रूपमा बन्द आव्हान गरेपछि माइती जान हिँडेका महिलाहरू मारमा परेका थिए । बन्द आव्हानकर्ताले शनिवार मध्यरातमा बन्दको आव्हान गरेका हुनाले कतिपय मानिसले बन्द भन्ने थाहासमेत पाएका थिएनन् । बन्दकर्ताले कतिपय ठाउँमा सवारीसाधनहरूमा तोडफोड गरेका थिए । बन्दकर्ताले पुतलीसडक, छाउनी र वीर अस्पताल अगाडि विरामी बोकेका ट्याक्सीमा समेत तोडफोड गरेपछि त्यसको चौतर्फी विरोध भएको थियो । पर्वको दिन बन्द आव्हान गरिएको भन्दै त्यसको चौतर्फी विरोध गरेपछि १२ बजे बन्द फिर्ता भएको थियो । यसरी अब नेपाली महिलाहरू पनि विस्तारै आफ्नो हकअधिकारका लागि प्रतिकारमा उत्रन सक्ने अवस्थामा पुगेका हुनाले अब बन्दकर्ताहरूले बन्दको बाटो त्यागेर अन्य विकल्पका बारेमा नसोच्ने हो भने विस्तारै विस्तारै नेपाली जनता बन्द हड्तालका विरूद्धमा सडकमा प्रतिकारमा उत्रन सक्ने अवस्था आउने प्राय निश्चित नै छ ।

## इन्डियन...

प्रहरी स्रोत भन्छ- अफगानस्तान र भारतमा चरेस, अफिम, हेरोइनको व्यापक खेती हुन्छ र त्यसलाई भारतमा जम्मा गरेर नेपालजस्ता आफ्नो हैकम चल्ने- प्रभाव पर्ने मुलुकबाट तेस्रो मुलुकसम्म पुऱ्याउने भारतीय सुरक्षा कममा रेडन-माफिया र दूतावासमा कर्मचारी समेत संलग्न हुने गरेका छन् । यसपटक कुन कडी खुस्कीयो कुन्नी- डिआइजीसम्मलाई निर्देशन पुग्न भ्याएन र उनले सेतो हेरोइन पक्राउ गरे । हेर्नुस्, भारतीय भएकै कारण नेपाल प्रहरी, नेपाल सरकारले यसबारे मुख खोल्न सकेको छैन । कतै हेरोइन नक्कली भनेर यो काण्डलाई रफादफा गरिने त होइन ?

## हतियार...

नीति रहेको उद्घोष गर्दै सबैको सहमति बेगर मंसिर ४ मा निर्वाचन गराईए प्रत्येक बुथमा पार्टी कार्यकर्ताहरू परिचालन गरेर निर्वाचनमा अवरोध पुऱ्याउने बताएका छन् । पहिलो संविधानसभाले संविधान निर्माण गर्न नसकेको हुनाले अब हुने संविधानसभाको निर्वाचन समेत आवश्यक नरहेको उद्घोष गर्दै संविधानभासको निर्वाचनमा लागि अरबौं रूपैयाँ किन खर्च गर्नु पऱ्यो भन्दै फेल भएको संविधानसभाका लागि निर्वाचन अब आवश्यक नरहेको भन्दै विगतको संविधानभसाले विवादित विषयमा सहमति गर्न नसकेको र विवादित विषयरूको समाधान दिन नसकेको हुनाले अब संविधानसभा निर्वाचनको आवश्यकता नरहेको भन्दै सबै दलको सहमतिमा कानुनविद्, बुद्धिजिवीहरूको सल्लाहमा संविधान निर्माण गरिएर त्यो नै उचित उपाय हुने सुझाव उनले दिएका छन् ।

एकातिर चार दलीय सिन्डिकेट र उनीहरू कै खुट्टामा टेकेको खिलराज रेग्मी नेतृत्वको सरकारले जसरी भएपनि निर्वाचन गराउने डंक पिटिरहेको छ भने अर्कोतर्फ नेकपा-माओवादीसहितका ३३ दल आफ्ना माग पुरा नभएको खण्डमा कुनै हालतमा पनि निर्वाचन गराउन नदिने राजनीतिक रणनीति लिएको हुनाले के मंसिर ४ मै निर्वाचन होला भन्ने शंका उपशंका जनतामा उब्जिएको छ । हालै सरकारले बोलाएको सर्वदलिय बैठकमा समेत सरकार समर्थित दलहरूकै नेताहरूले समेत नेकपा-माओवादीसहितका अन्य दलहरूलाई जसरी भएपनि निर्वाचनमा भाग लिन लगाउनु पर्ने सुझाव दिएका हुनाले यदि नेकपा-माओवादीलाई सहमतिमा नल्याएर निर्वाचनमा भाग लिन लगाउने हो भने मंसिर ४ मा गर्ने भनिएको निर्वाचन त्यही मितिमा सम्भव छैन । मंसिर ४ गतेको निर्वाचन केही समय पछि सारेर मात्र संविधानसभाको निर्वाचन हुन सक्ने प्रायः निश्चित रहेको छ ।

## हरेक दूतावासमा चिनियाँ सिआईडी

काठमाडौं । इजरायली दूतावासले दुई जना चिनियाँ सिआईडी पक्राउ गरेर नेपाल प्रहरीलाई बुझाएपछि 'प्रतिआतंकवाद' ब्यूरोले गरेको अनुसन्धानले आश्चर्यजनक तथ्य फेला पारेका छ । इजरायली दूतावासमा सन्देहपूर्ण उपस्थिति र क्रियाकलाप देखेपछि दूतावासले २ जनालाई पक्राउ गऱ्यो र नेपाल प्रहरीलाई बुझाइदियो । तिनीहरू चिनियाँ नागरिक वाङ जुई र वाङ कानविओ थिए । उनीहरू कहिले पाकिस्तानी त कहिले इजरायली दूतावास पुग्थे । पक्राउपछिको सोधपुछमा उचित जवाफ नदिएपछि अनुसनधन भइरहेको थियो । त्यति नै बेला चिनियाँ दूतावासले पत्र लेखेर सामान्य नागरिक हुन् भन्ने दाबी गरेको १५ दिनपछि उनीहरूलाई छाडियो ।

'प्रतिआतंकवादी' ब्यूरो स्रोत भन्छ, नेपालका प्रत्येक दूतावासमा पर्यटकका रूपमा आएका चिनियाँहरूको क्रियाकलाप बढेर गएको छ । ठूला होटल, कुटनीतिक कर्मचारीको उपस्थिति हुने ठमेल क्षेत्रहरूमा पनि चिनियाँ बेश्याहरूको बाक्लो उपस्थिति हुने गरेको छ । चीन नेपालमा भइरहेका प्रत्येक चीन विरोधी र पश्चिमा योजना थाहापाउन सलह झैं छिरेको छ र जाल झैं फैलिन थालेको छ । चिनियाँहरूको यो भन्दा बाक्लो उपस्थिति तराई क्षेत्रमा देखिन थालेको छ ।

गजब त के छ भने पाकिस्तान र इजरायलको राम्रो सम्बन्ध छैन । बोलचाल समेत हुँदैन । यिनै दुई दूतावासबीच चीनका सूत्रहरू चलखेल गर्न गालेका छन् । यसबाट प्रतिआतंकवाद ब्यूरोले दुर्घटनाको सम्भावना देख्न थालेको छ ।

## तीजका दिन २३ करोड घूस

काठमाडौं । नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य बढाउन सरकारसँग अनुमति माग्यो र सरकारले पनि अनुमति दियो । तर नेपाल आयल निगमले माफिया पम्पवलाहरूलाई सकेजति पेट्रोल, डिजल र मट्टितेल उठाउने संकेत दियो र एभरेष्ट बैंक सतुंगलमा पम्पवालाहरूको पैसा जम्मा गर्ने र थानकोट डिपोबाट तेल उठाउने भीड नै लाग्यो । यस्तै भिड देखियो विराटनगर, अमलेखगञ्ज, भैरहवा र अन्य आयल निगमका डिपोटहरूमा पनि । पम्पवालाहरूले पेट्रोलियम पदार्थ उठाइसकेपछि साँझ नेपाल आयल निगमले घोषण गऱ्यो- पेट्रोलमा ५, मट्टितेल र डिजलमा ३ रूपैँया भाउ बढ्यो, आजै रातिदेखि यो मूल्य लागू हुनेछ ।

यसरी सुनोयोजित रूपमा भाउ बढाउँदै झण्डै अरबको चलखेल भयो । नेपाल आयल निगमका खञ्चुवा सञ्चालक समिति, हाकिम, डिपोका हर्ताकर्ता र आपूर्ति मन्त्रालयदेखि मन्त्रिपरिषद् अध्यक्ष समेतले २३ करोड 'भाग शान्ति गरेको' चर्चा व्याप्त छ । स्मरणीय छ, गत साउन २६ गते पेट्रोल र डिजेल-मट्टितेलमा २ र ऽ१ रूपैँया मूल्य बढाएको निगमले महिना दिन नपुग्दै मूल्य वृद्धि गरेको छ । मूल्य वृद्धिको कारण डलरको सटहीदर बृद्धि भनिएको छ । घाटा धान्न नसकेकोले मूल्य बढाइएको हो । तर उपभोक्ता चाडवाडको मुखमा पेट्रोलियम पदार्थको मूल्य वृद्धि हुँदा उपभोग्य सामानको भाउ धान्नै नसक्ने गरी बढ्ने बताउँछ ।

जे होस्, यो मूल्य वृद्धिबाट पम्पवाला, निगमदेखि शासकहरूले २३ करोडको मजा पाएका छन् । तीज मनाए, दशैं-तिहारमा पनि रणझार गर्ने भए । जनता मरे मरून् भनेको यही हो ।

बालबालिकालाई पढ्न पठाऔं, उनीहरुको सुखद भविष्यलाई सुनिश्चित गरौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९,बजार व्यवस्थापक : गोकुल दुलाल (९८४९७८४४५५) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार